नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०७२ बैशाख/जेठ पूर्णिमा - वर्ष ४३ | अंक १/२ | The Ananda Bhoomi (Year 43, Vol. 1/2)
बु.सं. २५५९ | ने.सं. ११३५ | A Buddhist Monthly : May/June 2015

*प्रमुख सल्लाहकारः*
**भिक्षु मैत्री महास्थविर** (प्रमुख, आ. कु. वि.)

*सल्लाहकार :*
**भिक्षु धर्ममूर्ति** (कार्यवाहक प्रमुख, आ.कु.वि.)

*व्यवस्थापन तथा वितरक :*
**भिक्षु पियदस्सी,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापन :* **सुरेश महर्जन,** स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ् :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी :* **भिक्षु अस्सजि**

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शर्मिला श्रेष्ठ (बौद्ध वृद्धाश्रम-बनेपा), अ. इन्द्रावती, सरिता अवाले (ललितपुर), सुश्री वीणा कंसाकार (बौद्ध महिला संघ, नेपाल), सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), ज्ञानमाला संघ (तानसेन), बलबहादुर गाहा (पाल्पा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), शैनी चौधरी (पूजारी लामा) सप्तरी,, उत्तममान बुद्धाचार्य, पोखरा

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, फोनः ५००७५६३
शाखा : पुल्चोक, फोन : २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**सब्बे संखारा दुक्खाति- यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे-एस मग्गो विसुद्धिया ॥**

***अर्थात् : सबै संस्कार दुःखका कारण हुन् भनी प्रज्ञायुक्त भएपछि संसारउपर वैराग्य उठ्छ, यही नै विशुद्धि मार्ग हो ।***

**फुक्क संस्कार दुःखया कारण खः धका प्रज्ञायुक्त जुइधुंका संसारउपर वैराग्य उत्पन्न जुइ, थ्व हे विशुद्धि मार्ग खः ।**

All conditioned phenomena are dukkha; when one sees this with Insight-wisdom, one becomes weary of dukkha (i.e..., the khandhas). This is the Path to Purity.

**- धम्मपद, २७८**

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
**आनन्दकुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**

**वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# महाभूकम्प र बौद्धहरूको सहभागिता

**सम्पादकीय**

हामीले स्थिर रहेको अनुभव गरिरहेको पृथ्वीको सहतमा एकाएक आउने कुनैपनि किसिमको कम्पन वा हल्लिने प्रक्रियालाई भूकम्प वा भुइँचालो भनिन्छ । विज्ञानद्वारा आविष्कार भएका कुनैपनि आधुनिक प्रविधिले समेत कति शक्तिको भुइँचालो कसरी, कहिले जान्छ भन्ने पूर्वानुमान गर्नसकेको छैन । धेरै सानो स्तरको भुइँचालोहरू पृथ्वीमा निरन्तर गइरहने भए पनि मानिसले थाहा पाउने कम्पनको संख्या कमै हुन्छ । मानिसले सामान्यतया चार म्याग्निच्युड माथिको मात्र भुइँचालो अनुभव गर्छ । प्राकृतिक प्रकोपजन्य घटनामध्ये ठूलो स्तरको भुइँचालो कहिलेकाहीं मात्र जाने भए पनि यो ज्यादै विनाशकारी हुन्छ । वि.सं. १९९० माघ २ गते गएको ८.४ म्यानीच्यूडको भुइँचालोलाई आधुनिक नेपालको पहिलो विनाशकारी भुइँचालो मानिन्छ भने त्यतिबेला नेपालमा ८,५१९ जनाको ज्यान गएको तथ्याङ्क छ भने लाखौं मानिस घाइते र घरवारविहीन भएको कुरा यसका जानकारहरू बताउँछन् ।

यसरी नै गत २०७१ बैशाख १२ गते ७.८ म्यानिच्यूडको विनाशकारी भुइँचालो र त्यसपछिको लगातार पराकम्पनले अहिलेसम्म ८,८९५ जनाको ज्यान गइसकेको छ, २२,३०९ जना घाइते भएका छन् भने लाखौं घरवार क्षति भई लाखौं मानिसहरू घरवारविहिन भएका छन् । मानिसहरू त्राहिमाम भई त्रसित भएकाहरू धेरै छन् ।

पृथ्वीको भू-गर्भभित्र रहेका चट्टानहरूलाई टेक्टोनिक प्लेट भनिन्छ । गतिशील अवस्थामा रहेका ती चट्टान जब एक आपसमा पुग्छन्, ठोकिन्छन् वा छुटिन्छन् तब त्यहाँ ठूलो शक्ति पैदा हुन्छ र प्रस्फुटित हुन निकास खोज्ने क्रममा कमजोर सतह हुँदै बाहिर निस्कन्छ । त्यही शक्ति बाहिर निस्कने क्रममा भू-सतहमा कम्पन पैदा भएर भुइँचालो जान्छ । भुइँचालो उन्पन्न हुने कारणमा ज्वालामुखी विस्फोट पनि एक हो । यसका अलावा आणविक भट्टी तथा आधुनिक शस्त्रअस्त्रको विस्फोटबाट पनि पृथ्वीको सतहमा कम्पन्न भएर सानोतिनो भुइँचालो जाने गर्छ ।

यसपालिको महाभूकम्प र जारी पराकम्पनले उपत्यकाभित्र रहेका धार्मिक, साँस्कृतिक, पुरातात्विक, ऐतिहासिक, धरोहर समेत क्षतिग्रस्त भएका छन् । उपत्यकाभित्र अधिकांश थेरवादी विहारहरू समेत चर्किएका छन्, मक्किएका छन्, कुनै क्षतिग्रस्त भएका छन् । जसमध्ये ऐतिहासिक आनन्दकुटी विहार भिक्षुहरू बस्ने नहुने गरी क्षतिग्रस्त भएका छन् भने मित्रराष्ट थाइलैण्ड तथा श्रीलंकाले पुनःनिर्माण कार्यमा सहयोग गर्ने वचनवद्धता जाहेर गरिनु सम्बद्ध सबैका लागि सुखद् समाचार हो ।

त्यसो त महाभूकम्प पराकम्पनसँगै नेपाली तथा विदेशी बौद्धहरूले पनि सहयोगी हात बढाएका छन् । भिक्षुहरू, लामा घेलुँहरू, अनागारिका तथा आनीहरू समेत सहयोगी हात बढाउँदै भूकम्पपीडितको घरआँगनमा पुग्नु, राहतवितरण कार्यमा प्रत्यक्ष सहयोग गर्न प्रभावित जिल्लाक्षेत्रमै पुग्नु अत्यन्त सकारात्मक कदम सावित भएको छ । दानपारमिता लगायत क्षान्ति पारमिताको व्यवहारतः बौद्ध श्रद्धालु दाताहरू एवं प्रव्रजित-दीक्षितहरू समेत सडकमा उत्रिएर धर्मपरिवर्तनभन्दा पनि मानवीयता आहतमा गुज्रिरहँदा शान्ति-पाठलगायत मानसिक सुखशान्ति तथा केही न केही भौतिक सहयोग हुने गरी मलमपट्टी लगाइदिनेजस्तो राहत कार्यमा आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोगी हातहरू फैलाइरहेको अत्यन्त सह्रानीय कार्य सम्पन्न भएको छ ।

अखिल नेपालभिक्षु महासंघ, धर्मोदय सभा, नेपालबौद्ध महासंघलगायत थेरवादी, महायानी, वज्रयानीविहार, गुम्बा, बहाःबही समेतको सहभागितामा सम्बद्ध बौद्ध संघसंस्था, सदस्य, अनुयायीहरूले आ-आफ्नो क्षेत्रबाट राहतकार्यमा पुऱ्याउनुभएको सकारात्मक कदम उदाहरणीय सावित भएको छ । त्यसरी नै विशेषतः थाइलैण्डको सुप्रिम संघ काउन्सिल, धम्मकाय फाउण्डेशन, संघराजा कम्पासनेट रिलिफ फोर नेपाल, विश्व बौद्ध भातृत्व संघ, विश्व बौद्ध भातृत्व युवा संघ, फाउहा टेम्पल, बि.एल.आइ.ए.-ताइवान, एम.बि.के.ए.- मलेसिया, भियतनामी बौद्ध संघ, इन्टरनेशनल बुद्धधर्म फाउण्डेशन, यसरी नै चिनीया, मलेसियन, अष्टेलियन, अमेरिकन, टाइवानिज, श्रीलंकन, बर्मीज भिक्षु तथा दाताहरूबाट राहतकार्यमा करोडौं धनव्यहोरेर राहतको नाउँमाखानपान, टेन्ट, जस्तापातालगायत सामग्रीवितरण कार्यले जनमानसमा बौद्धहरूको रचनात्मक सहभागिता रहेको सन्देश प्रवाह हुनु सम्बद्ध सबैका लागि धर्मप्रीतिको विषय हो ।

यसरी बुद्धको सामाजिक सेवामूलक सन्देशबाट अभिप्रेरित भई महाभूकम्पजस्तो भयावह प्राकृतिक विपत्ति समयमा पीडितहरू सामू बौद्धहरूको जुन राहतजन्य सहभागिता देखियो, त्यसबाट बौद्धहरू बीचको एकताको सन्देश प्रवाह भएको छ । भविष्यमा अझ सुदृढरूपमा प्रस्तुतभई एकतावद्ध एवं सहभागितामूलक तवरबाट अगाडि बढ्नसके राज्यको लागि समेत आदर्श नमूना हुने देखिन्छ, यसका लागि सम्बद्ध बौद्ध संघसंस्थाहरू बीच आयामिक सम्बन्धनले प्रभावकारी एवं प्रभावशाली भूमिकानिर्वाह गर्न सक्ने हुन्छ ।

# विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | आधारभूत बौद्ध-दर्शनको परिचय | फणीन्द्र कुमार न्यौपाने | ४ |
| २. | दुःखबाट मुक्ति | दिलबहादुर शाक्य | ९ |
| ३. | खोजौं | राज शाक्य | ११ |
| ४. | बुद्धशिक्षा परिवर्तित नेपालको लागि र भी नेवाःको भूमिका | डा. ई. भगवान दास मानन्धर | १३ |
| ५. | बोधिचर्या आचरण गर्ने प्रेरणा | लोकबहादुर शाक्य | १६ |
| ६. | प्राचीन रेशम मार्ग र लुम्बिनी-मुस्ता काली गण्डकी पथ-१ | छत्रराज शाक्य | १८ |
| ७. | भोटो देखाउने जात्रा | बखतबहादुर चित्रकार | २२ |
| ८. | भक्तपुरको मुनिविहार कृति-१ | भिक्षु रेवतकीर्ति | २४ |
| ९. | भूकम्पले भत्किएका विम्बहरु | पुरनबहादुर शाक्य | २९ |
| १०. | स्मृति-प्रस्थान | हेरारत्न शाक्य | २९ |
| ११. | ज्ञानमाला म्ये | लाभरत्न तुलाधर | २९ |
| १२. | बुद्धधर्मय् जातजातियागु भेदभाव जुइमज्यू | सुमति वज्राचार्य | ३० |
| 13. | Education for Peace | Bhikshu Upatissa | 33 |
| 14. | An Invocation to Lord Buddha | Neebee | 37 |
| १५. | बौद्ध गतिविधि | | ३८ |


## लेखक एवं पाठक-ग्राहक वर्गमा हार्दिक अनुरोध

- नेपालको पहिलो बौद्ध मासिक आनन्द भूमि पत्रिकाको वार्षिक ग्राहक महानुभावहरूले नविकरण गर्नुहुन हार्दिक अनुरोध गरिन्छ । सम्बन्धित क्षेत्र वा व्यक्तिमार्फत समयमैं ग्राहक नविकरण गर्नुभई सहयोग गर्नुहोला ।
- समयमैं लेखक वर्गले बुद्ध, बुद्धधर्म, बौद्धसंस्कृति एवं दर्शन, साहित्य र इतिहाससम्बन्धी अनुसन्धानात्मक तथा सृजनाात्मक लेख, रचना, कथा, कविताहरू संप्रेषण गर्नुहोला ।
- आ-आफ्ना क्षेत्रहरूमा हुने समाचारमूलक बौद्ध गतिविधिलाई सक्दो चाँडो फोन, ईमेल वा हुलाकबाट जानकारी गराउनुहोस् ।
- उद्योगपति तथा व्यापारी वर्गबाट विज्ञापन दाता बन्नुभई आफ्नो व्यवसायको प्रचार तथा बुद्धधर्मप्रतिको श्रद्धा अभिव्यक्त गरी आनन्दभूमिलाई सहयोग गर्नुहोस् ।
- विगत ४२ वर्षदेखि प्रकाशन हुँदै आइरहेको नेपालको पहिलो बौद्ध मासिक पत्रिका आनन्दभूमिका लागि आफ्ना विचार, तर्क, नियात्रा, दृष्टिकोणजस्ता कुराहरू समावेश गरी वर्तमान परिप्रेक्ष्यमा अनुकुल हुने गरी जनअभिरूचिपूर्ण नयाँ नयाँ तथ्यहरूसहित यहाँहरूबाट निरन्तर रूपमा लेखरचना प्राप्त भइरहेमा आनन्द भूमिलाई स्तरीयरूपमा प्रस्तुत गर्दैजान सकिने हुन्छ ।
- यस पत्रिकामा प्रकाशित लेख-रचनाको सम्पूर्ण जिम्मेवारी स्वयं लेखककै अभिभारा हुनेछ ।
- समयमैं लेख-रचना प्रकाशन गर्न तथा सल्लाह-सुझावका लागि anandakutivihar@gmail.com/ gkondanya@gmail.com मा इमेल गर्नसकिने छ ।
- सहयोग, सल्लाह, सुझाव तथा आलोचना, समालोचना आनन्दभूमिको निरन्तरताका लागि सम्बद्ध क्षेत्रबाट रचनात्मक सहयोगको अपेक्षा लिएका छौं ।

– आनन्दभूमि परिवार, आनन्द कुटी विहार, स्वयम्भू, काठमाडौं । फोन – ४२७१४२०

anandakutivihr@gmail.com/gkondanya@gmail.com



# आधारभूत बौद्ध-दर्शनको परिचय

✍ फणीन्द्र कुमार न्यौपाने "सद्धम्म कोविद", शिक्षक- लुम्बिनी बौद्ध विश्वविद्यालय

**१. पृष्ठभूमि :**

आजभन्दा करिव २६ सयवर्ष पहिले वर्तमान नेपालको लुम्बिनीमा शाक्यवंशमा जन्मनुभएका राजकुमार सिद्धार्थले २९ वर्षको उमेरमा राज्यपरित्याग गरी आफू ३५ वर्षको उमेर हुँदा प्राप्त गरेको बुद्धत्व ज्ञानलाई आफ्नो महापरिनिर्वाण हुँदाको उमेर ८० वर्षसम्म तत्कालिन सम्यक् गाउँ, नगर एवं राज्यहरूमा प्रचार गरेको शिक्षा नै बुद्धशिक्षा हो । विभिन्न जन्महरूमा कुशल कर्महरूको संचय गर्दै आउनुभएका बोधिसत्त्व सिद्धार्थ वर्तमान भारतको बोधगयामा आफ्ना सम्पूर्ण राग, द्वेष र मोहजन्य बन्धनहरूबाट मुक्त भएपछि भगवान् भनेर चिनिनुभयो । बुद्धले आफूलाई तथागत भनेर सम्बोधन गर्न रूचाउनुहुन्थ्यो, जसको अर्थ तथ्यको सहारा लिएर जीवन र जगतको अन्तिम सत्यसम्म पुग्नु भन्ने हुन्छ । भगवान् बुद्धले चित्त र रूपधारी मानव जीवनको दुःख, दुःखको कारण, दुःख निवारण र उपाय सत्यलाई सम्पूर्ण रूपमा बुझ्नुभएकाले नै वहाँलाई तथागत भनिएको हो ।

बुद्धले आफूले प्राप्त गरेको ज्ञानलाई लोकजनको निम्ति बाँड्ने कार्यलाई धर्मचक्रप्रवर्तन भनिन्छ । सारनाथमा वहाँले प्रथम पटक धर्मक्रप्रवर्तन गर्नुभयो1 जसमा वहाँले मानवले भोग्ने दुःखसत्य, यसको कारण सत्य, दुःखको निवारण गर्न सकिने सत्य र यसको निम्ति उपाय सत्यको देशना गर्नुभयो जसलाई चतुः आर्यसत्य भनेर चिनिन्छ । त्यसैगरि उपायको रूपमा बुद्धले आठ अङ्गयुक्त मार्गको देशना गर्नुभयो जसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ । त्यसैगरि हरेक विषय वा घटनामा कार्य-कारणको सम्बन्ध हुन्छ भनेर अविद्या वा अज्ञानको कारणले कर्म बीज बन्ने, कर्म बीजबाट चित्तधाराको सुरूवात भई जीवनको सुरूवात र जीवनसंग अनिवार्य जोडिएको दुःखको श्रृंखलायुक्त चक्रलाई दर्शाउने प्रतीत्यसमुत्पादको सिद्धान्त पनि भगवान्ले यसै प्रवर्तनमा देशना गर्नुभएको थियो ।

महायान बौद्ध-दर्शन अनुसार भगवान्ले तत्कालिन राजगिरी राज्यको गृद्धकूट पर्वतमा प्रथम धर्मचक्रप्रवर्तनको १३ वर्षपछि बोधिसत्त्व यानको देशना गर्नुभएको थियो ।

**भगवान् बुद्धले ४५ वर्षसम्म देशना गरेका विषयहरु आज धर्म, दर्शन र विज्ञानको रुपमा संसारभरि अवलम्बन गरिँदैछन् । धर्मको रुपमा झण्डै आधा एशियाली जनताहरुले यसलाई अवलम्बन गरिरहेका छन् भने यूरोप अमेरिकामा यसलाई ग्रहण गर्ने क्रम बढिरहेको छ । त्यसैगरि दर्शनको रुपमा सर्वकालिक र अकाट्य दर्शनको स्थान बुद्ध-दर्शनले बनाइसकेको छ ।**

जसलाई दोस्रो धर्मचक्रप्रवर्तनको नामले चिनिन्छ । त्यसैगरि बुद्धत्व प्राप्तिको १६ वर्षपछि भगवान्ले धान्यान्चल पर्वतमा तन्त्रयान/मन्त्रयानको देशना गरी तेस्रो धर्मचक्रप्रवर्तन गर्नुभएको विश्वास वज्रयान बुद्धधर्मअर्न्तगत गरिन्छ । यसप्रकार भगवान् बुद्धद्वारा प्रवर्तन गरिएका प्रथम, द्वितीय र तृतीय धर्मचक्रप्रवर्तनबाट देशना गरिएका शिक्षालाई क्रमशः थेरवाद, महायान र वज्रयान बुद्धधर्म भनिन्छ । यी तीनवटै परम्पराअन्तर्गत अभ्यास भएका बौद्ध-दर्शन एवं अभ्यासहरूलाई समग्रतामा बुद्धधर्म भनेर चिनिन्छ । थेरवाद बुद्धधर्मअन्तगर्त पाली भाषामा संग्रहित आधारभूत बुद्ध-ज्ञानका विषय पर्दछन् भने महायान, वज्रयान बुद्धधर्मअन्तगर्त संस्कृत, तिबेटन र चाइनिज भाषामा संग्रहित बुद्ध-ज्ञानका विषय पर्दछन् । आधारभूत बुद्ध-ज्ञानका अलावा बुद्ध-वचनमै आधारित भएर कालान्तरमा विकास गरिएका अन्य दर्शनका विषय समेत महायान-वज्रयान बुद्धधर्मअन्तर्गत रहेको पाइन्छ ।

**२. आधारभूत बुद्धदर्शन :**

भगवान् बुद्धद्वारा देशित आधारभूत बुद्ध-दर्शनमा चतुः आर्यसत्य, आर्यअष्टाङ्गिक मार्ग, प्रतीत्यसमुत्पाद तथा त्रिलक्षण आदिका सिद्धान्तहरू पर्दछन्, जसलाई भगवान्ले प्रथम धर्मचक्रप्रवर्तनमा शिक्षा दिनुभएको थियो । अहिले संसारमा प्रचलित बुद्धधर्मका तीनवटै परम्पराहरूका आधारभूत मार्गदर्शन यिनै तीनवटा सिद्धान्त भएकाले बुद्धधर्ममा जिज्ञासा राख्ने हरेक व्यक्तिले बुद्ध-दर्शनका यी आधारभूत ज्ञान बुझ्न जरूरी छ ।

२.१ **चार आर्यसत्य** :

मानिसले अनन्तकालदेखि दुःखमुक्तिको निम्ति अनेक प्रयासहरू गरेको देखिन्छ । भौतिकवादीहरूले भौतिक स्रोत साधनको पहुँचद्वारा दुःखमुक्तिको प्रयास गरेको देखिन्छ भने अध्यात्मवादीहरूले अन्तःशुद्धिका विभिन्न उपायहरूमा जोड दिएको पाइन्छ । भगवान् बुद्धले भिन्न भिन्न दुःखहरूबाट प्रताडित लोकजनहरूको निम्ति दुःखबाट बाहिर आउने उपायको रूपमा चार आर्यसत्य ज्ञानको देशना गर्नुभएको छ । जसरी एक चिकित्सकले विरामीको उपचार गर्नुपूर्व रोगको कारण पत्ता लगाउँदछ, रोग निको हुने उपाय पत्ता लगाउँदछ र औषधी दिएर बिरामीलाई रोगबाट बाहिर ल्याउँछ, ठिक उसैगरी भगवान् बुद्धले भिन्नभिन्न दुःखहरूबाट प्रताडित लोकजनहरूको निम्ति उक्त दुःखबाट बाहिर आउने उपायको रूपमा चार आर्यसत्य ज्ञानको देशना गर्नुभएको देखिन्छ ।

**दुःखसत्य** :

दुःखसत्य प्रथम आर्यसत्य हो । जन्म, वृद्धावस्था, रोग, शोक, परिदेव, उदासिनता, हैरानी, अप्रिय वस्तुसँगको मेल, प्रियवस्तुसँगको विछोड, इच्छा पुरा नहुनु आदि हरेकको जीवनमा आइरहने दुःखहरू हुन् । अझ गहिरो रूपमा भन्दा पाँचस्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञान) प्रतिको आसक्ति नै दुःख हो ।[ङ] संसारमा कोहि त्यस्तो व्यक्ति छैन जो यी दुःखका विषयहरूबाट टाढा बस्न सकोस् । धम्मपदमा त संसारलाई जलिरहको घरको उपमाद्वारा ब्याख्या गरिएको छ ।[घ] जब यो दुःखसत्यलाई वस्तुगत ढंगले प्रज्ञाको स्तरमा जानिन्छ, तब त्यो दुःखसत्य आर्यसत्य बन्दछ ।

**दुःखको कारण सत्य** :

बुद्धले हरेक दुःखको पछाडि तृष्णा मूल कारण हुने तथ्य उजागर गर्नुभएको छ ।[ढ] तृष्णाको अर्थ अतृप्त इच्छा भन्ने हुन्छ । मानिसले अनन्तकालदेखि विषयवस्तुप्रतिको तृष्णा (काम तृष्णा), मनुष्यलोकभन्दा अझ उच्च लोकमा जन्मने तृष्णा (भव तृष्णा) एवम जन्मै हुन नपरोस् भन्ने तृष्णा (विभव तृष्णा) को कारण आफूलाई गहिरो दुःखको खाडलमा हालिरहेको छ । वस्तुतः तृष्णा दुःखदायी भएतापनि यसैमा सुख देख्ने अज्ञानता नै दुःखको मूल कारण हो । दुःखको कारण तृष्णा भएको तथ्यप्रति प्रज्ञा जगाउन सके उक्त दुःखसत्य आर्यसत्य बन्दछ ।

**दुःख निरोधसत्य** :

बुद्धले दुःख र दुःखको कारण सत्यको मात्र व्याख्या नगरेर उक्त दुःखबाट बाहिर आउन सकिने तथ्यमाथि पनि प्रकाश पार्नुभयो, जसलाई निरोध सत्य भनिन्छ । बिना कारण कुनैपनि कार्य नहुने भएकाले दुःखको कारणलाई हटाउन सकियो भने दुःख पनि स्वतः हट्ने तथ्यलाई वहाँले उजागर गर्नुभयो । भोगाइबाट आक्रान्त भएको लोकजनको निम्ति उक्त दुःखबाट बाहिर आउन सकिने सत्यलाई उजागर गर्नुभयो । पञ्च उपादानस्कन्धहरू सबै प्रतीत्यसमुत्पन्न हुन्छन् । यी उपादानस्कन्धहरूलाई उपादानविहिन गर्नसकेमा दुःखबाट स्वतः छुटकारा पाउन सकिन्छ ।[छ] यसप्रकार तृष्णाको कारण हुने दुःखमा तृष्णा हटाउँदानै दुःख निरोध गर्न सकिने तथ्यलाई जब प्रज्ञाद्वारा जानिन्छ, त्यतिखेर दुःख निरोधसत्य आर्यसत्य बन्दछ ।

**दुःख निरोधको उपाय सत्य** :

बुद्ध-दर्शनको विशेषता नै यस कुरामा छ कि यसले केवल दुःख र यसको कारणको मात्रै चर्चा गरेको छैन । यसले त उक्त कारणलाई हटाउने सहज र सुगम मार्गको समेत स्पष्ट व्याख्या गरेको छ । यो मार्ग आठ अङ्गवाला भएको र यसलाई आर्य अथवा ज्ञानी जनले पालन गर्न सक्ने भएकाले यसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ ।

२.२ **आर्य अष्टा□क मार्गः**

बुद्धद्वारा प्रतिपादित यस आठ अङ्गवाला मार्गमा चलेमा दुःखद्वारा सहज मुक्ति पाउन सकिने र निर्वाण प्राप्त गर्न सकिने हुनाले यस मार्गलाई सर्वश्रेष्ठ मानिएको छ । धम्मपदमा यसलाई मार्गहरूमा श्रेष्ठ ('*मग्गानट्ठङ्गिको सेट्ठो*') र चित्त विशुद्धिको निम्ति एकमात्र मार्ग भनि यसको महत्व उजागर गरिएको छ ।**[ट]** यस मार्गका आठ अङ्गहरू यसप्रकार रहेकाछन् :–

**क**) **सम्यक् दृष्टि** : निरोधगामिनी मार्गको पहिलो अङ्ग सम्यक् दृष्टि अथवा सही ज्ञान हो । सही ज्ञान भन्नाले कुनैपनि वस्तु वा विषयलाई उसकै यथार्थतामा वस्तुपरक ढंगले प्रत्यक्ष अनुभवबाट बुझ्नु हो । लोभ, द्वेष वा मोहको बशमा परी अकुशल कर्म गर्न उक्साउने दृष्टि मिथ्यादृष्टि हो । त्यसैले विपश्यना जगाई विषय वस्तुबारे ठिक ठिक जानकारी राख्नु सम्यक् दृष्टि हो ।

**ख**) **सम्यक् संकल्प** : मनमा नाना थरिको चिन्तन मनन चलिरहन्छ । विभिन्न प्रकारका कामनाहरू, तृष्णाहरू, द्वेष, विहिंसा आदि मनमा निरन्तर आइरहन्छन् । चित्तमा आउने यस्ता संकल्प विकल्पहरूको प्रवाहप्रति साक्षीभाव राख्नाले यस्तो प्रवाह विस्तारै कमजोर हुनपुग्दछ । यसप्रकार खराब चिन्तन मननलाई स्थान नदिई केवल राम्रो विषयमा मात्र

सोचविचार गरी चित्तलाई मयलरहित राख्नु सम्यक् वा सहि संकल्प हो ।

**ग) सम्यक् वचन :** चार प्रकारका मिथ्या वचन जस्तै असत्य वचन, कटु वचन, अनावश्यक बकवास एवं परनिन्दाबाट आफुलाई जोगाउनु सम्यक् वचन हो ।

**घ) सम्यक् कर्मान्त :** शरीरको कुनैपनि अंगबाट गरिने कर्मबाट अरूको हानी नोक्सानी नपुऱ्याउनु सम्यक् कर्मान्त हो । जस्तै हत्या, चोरी एवं व्यभिचार जस्ता शारीरिक दुष्कर्मबाट आफूलाई टाढा राख्नु सम्यक् कर्मान्त हो ।

**ङ) सम्यक् आजीविका :** जीविका चलाउन गरिने कामधन्दा वा व्यवसाय गर्दा अरूको हानीनोक्सानी नपुऱ्याउने गरी गर्नु सम्यक् आजीविका हो ।

**च) सम्यक् व्यायाम :** ठिक प्रयत्न वा उद्योग गर्नु सम्यक् व्यायाम हो । यसअन्तर्गत चार प्रकारका उद्यम गरिन्छ जस्तै आफूमा भएका कुशल स्वभावको निरन्तरताको प्रयास, कुशल नभएका स्वभावहरू आफूमा ल्याउने प्रयास, आफुमा नभएको अकुशल बानीबाट बच्ने प्रयास र भएको अकुशल स्वभाव हटाउने प्रयास ।

**छ) सम्यक् स्मृति :** हरेकक्षण सजकतामा स्थापित हुनु सम्यक् स्मृति हो । जसलाई स्मृति प्रस्थान पनि भनिन्छ । चार प्रकारका सजगतामा स्थित रहनु जस्तै शरीरका हरेक हलनचलन, शरीरका संवेदनाहरू, चित्त एवं यसका चिन्तन मननहरू प्रति स्मृतिवान भई विहार गर्नु सम्यक् स्मृति हो ।

**ज) सम्यक् समाधि :** चित्तलाई सहि आलम्बनमा एकाग्र बनाउने अभ्यास सम्यक् समाधि हो । एकाग्रताका विभिन्न आलम्बनहरूको प्रयोग विभिन्न ध्यान विधिहरूमा भएको पाइन्छ । जबसम्म त्यस्ता आलम्बनहरू शरीर र चित्तको परस्पर संयोजन भएर उत्पन्न हुने संवेदनाहरूलाई अनुभूति गर्न सक्नेगरी सहायक सिद्ध हुँदैनन् तबसम्म यस्ता आलम्बनहरू सम्यक् हुँदैनन् । अर्को अर्थमा भन्दा विपश्यना जगाउन सहायक सिद्ध हुने समाधि मात्रै सम्यक् समाधि हो । विपश्यनाको बलमा मात्र सम्यक् दृष्टि जागृत हुन्छ ।

भगवान् बुद्धले आफ्नो जीवनभरि दिएको शिक्षालाई समग्रतामा यसरी भन्नुभएको छ :

**सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**

**सचित्त परियोदपनं एतं बुद्धान सासनं ॥,**[ठ]

अर्थात् सम्पूर्ण प्रकारका पापकर्मबाट बञ्चित रहनु कुशल कर्महरूको सञ्चय गर्नु र चित्तलाई पूर्ण रूपमा सफा (परिशुद्ध) गर्नु यही नै सम्पूर्ण बुद्धहरूको शिक्षा हो ।

यो उपदेशमा बुद्धले पापकर्म बञ्चित गर्न भनेर पञ्चशील पालन गर्न उपदेश दिनुभएको छ । पञ्चशीलअन्तर्गत प्राणीहिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु झुट नबोल्नु, र नशालु पदार्थ सेवन नगर्नु जस्ता पाँचवटा अनुशासन पालनसम्बन्धी शिक्षा दिइएको छ । पञ्चशीलका यी उपदेशहरू आर्य अष्टाङ्गिक मार्गका तीन अङ्ग सम्यक् वचन, सम्यक् कर्मान्त र सम्यक् आजीविकाअन्तर्गत आउँदछन् । त्यसैगरि कुशल कर्मको सम्पत्ति सञ्चय गर्नु भनेर बुद्धले अष्टाङ्गिक मार्गको तीन अंग सम्यक् व्यायाम, सम्यक्स्मृति र सम्यक् समाधिको अभ्यास गर्नुपर्ने शिक्षा दिनुभएको छ । यी तीन अङ्ग समाधिअन्तर्गत पर्दछन् । चित्तलाई पूर्ण रूपमा सफा गर्नको निम्ति सम्यक् दृष्टि र सम्यक् संकल्पको देशना गरिएको छ । यी दुई अङ्ग प्रज्ञाअन्तर्गत पर्दछन् । यस प्रकारका बुद्धको शिक्षालाई छोटकरीमा शील, समाधि र प्रज्ञा भनेर बुझ्न सकिन्छ ।

बुद्धको निरोधगामिनी मार्गलाई मध्यमार्गको रूपमा व्याख्या गर्न सकिन्छ । यस मार्गमा कामसुख ( *कामसुखाल्लकानुयोगो*) र दुष्करचर्या (*अत्तकिलमथानुयोगो*) दुबैलाई अतिवादको रूपमा व्याख्या गर्दै ज्ञानप्राप्तिमा बाधक ठानिएको छ ।[ड] बुद्ध-दर्शन अनुसार सत्य सदैव दुई अति मार्गको बीचमा रहेको हुन्छ जसलाई मध्यमार्ग पनि भनिन्छ । बुद्धकालिन समयमा यी दुई अतिवादी मार्गहरूको अभ्यास गर्नेहरूको हिस्सा ठूलो थियो । जसको कारण समाजमा अनेक खाले विकृतिहरूले जरा गाडदै थियो । बुद्धले यी सबै विकृतिहरूबाट अध्यात्मलाई जोगाई सत्यप्राप्तिको बाटो पहिल्याउनुभयो ।

### २.३. प्रतीत्यसमुत्पाद :

कार्यकारणको सम्बन्ध अथवा हेतुफलको सम्बन्धको रूपमा चिनिने प्रतीत्य समुत्पादको सिद्धान्त बौद्ध-दर्शनअन्तर्गत अति महत्त्वपूर्ण सिद्धान्त हो । भगवान् बुद्धले धर्मलाई बुझ्नुनै प्रतीत्य समुत्पादलाई बुझ्नु हो भनी व्याख्या गरेबाट यस सिद्धान्तको महत्व प्रष्ट हुन्छ ।[ढ] यस सिद्धान्तले हरेक घट्ना घट्नुका पछाडि निश्चित कारण हुन्छ भन्दै दुःख उत्पत्ति अथवा निरोधको बाह्रवटा चक्रलाई वैज्ञानिक ढंगले व्याख्या गरेको छ ।

दुःखसमुदय वा उत्पत्तिको चक्र अविद्याबाट सुरू हुन्छ । अविद्याको अर्थ अनुभूतिको स्तरमा प्रज्ञा जागृत नहुनु

हो, सम्यक् दृष्टिको अभाव हुनु हो । अविद्याको प्रत्यय वा कारणबाट संस्कारको उत्पत्ति हुन्छ । संस्कार भन्नाले बौद्ध-दर्शनमा कर्मबन्धन वा भविष्यमा फल दिने पाप वा पुण्य कर्म भन्ने बुझिन्छ । संस्कारको प्रत्ययबाट विज्ञानको उत्पत्ति हुन्छ । विज्ञान भन्नाले चित्तद्वारा जानकारी पाउने वा थाहा पाउने मानसिक तत्त्वलाई बुझिन्छ । मृत्युको समयमा जीवनभरी बनेको कर्म संस्कारको आधारमा च्युति विज्ञान उत्पत्ति हुन्छ, जसको कारणबाट अघिल्लो जन्ममा रूप र चित्तधारी नयाँ जीवन उत्पत्ति हुन्छ, जसलाई बौद्ध-दर्शनमा नाम-रूप भनिन्छ । नाम-रूपको कारणबाट ६ इन्द्रियहरूको अनिवार्य उपस्थिति हुन्छ, जसमा नाक, कान, आँखा, छाला, जिब्रो र मन पर्दछन् । यी ६ इन्द्रियहरूलाई षडायतन भनिन्छ । ६ षडायतनहरूको बाहिरी वातावरणीय विषयहरूसँग स्पर्श हुन पुग्दछ, जसलाई स्पर्श भनिन्छ । यस प्रकार इन्द्रिय र विषयहरूको स्पर्शबाट शरीरको स्तरमा संवेदनाहरू उत्पन्न हुन्छन् । यसरी उत्पन्न हुने संवेदनाको अनित्य स्वभावप्रति प्रज्ञा जगाउन सके नयाँ कर्म संस्कार बन्ने प्रक्रियाको अन्त हुनजान्छ, तर उक्त संवेदनाप्रति राग, द्वेष वा मोह जगाउनाले उक्त संवेदना तृष्णाको मूल बन्दछ ।

तृष्णाको प्रत्ययबाट उपादान वा तीब्र आशक्तिको उत्पत्ति हुन्छ, जुन भव अथवा पुनर्जन्मको कारण बन्दछ । भवको प्रत्ययबाट नयाँ जन्म, जन्मको कारणबाट वृद्धावस्था, मृत्यु, शोक, विलाप, दुःख, दौर्मनस्यता, व्याकुलता आदिको उत्पत्ति भई व्यक्ति दुःख चक्रमा फस्दछ ।[ज्ञण] यसरी एउटा हेतुको कारणले फल उत्पति हुने र उक्त फल पुनः अर्को हेतु बन्ने श्रृङ्खलाको दर्शन नै प्रतीत्य समुत्पाद हो ।

प्रतीत्यसमुत्पाद बौद्ध-दर्शनको आधारभूत सिद्धान्त हो । यो सिद्धान्तले चार आर्यसत्यअन्तर्गत दोस्रो र तेस्रो सत्यलाई सैद्धान्तिक रूपमा पुष्टि गरेको छ । प्रतीत्यसमुत्पादका अविद्यादेखि जरामरण सम्मका १२ निदानहरूलाई भूत, वर्तमान र भविष्य जीवनमा वर्गिकरण गरी अध्ययन गरिएको समेत पाइन्छ । यसअन्तर्त अविद्या, संस्कार, विज्ञान, नामरूप आयतनालाई भूत जीवन, स्पर्श, वेदना, तृष्णा, उपादान र भवलाई वर्तमान जीवन र जाति-जरा मरणलाई भविष्य जीवनअनर्गत वर्णन गरिएको पाइन्छ ।[ज्ञज] समयक्रमा प्रतीत्यसमुत्पाद सिद्धान्त विविध ब्याख्या भएको ब्याख्याहरू भएको पाइन्छ । तेस्रो शताब्दीका आचार्य नागार्जुनले यस सिद्धान्तको व्याख्या गरी शून्यवाद दर्शनको विकास गरेको पाइन्छ ।[ज्ञद]

**२.४ त्रिलक्षण :**

बौद्ध-दार्शनिक परंपरामा अनित्य, दुःख र अनात्मलाई जोड दिइएको छ । यी ३ लक्षण सबै सांसारिक धर्महरूको विशेषता एवं स्वभाव हो । पाली साहित्यअन्तर्गत संयुक्त निकायका अनिच्च, दुक्ख एवं अनन्त सुत्तहरूमा यस विषयमा प्रकाश पारिएको छ ।[ज्ञघ] बुद्धले रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान जस्ता पञ्चस्कन्धहरूको स्वभाव अनित्, दुःख र अनात्म हुन्छ र जसले यो सत्यलाई प्रज्ञाको स्तरमा बुझ्दछ उसले विमोक्ष अर्थात मुक्ति प्राप्त गर्दछ भनी देशना गर्नुभएको छ । धम्मपदमा यसरी उल्लेख गरिएको छ14 :

**सब्बे संखारा अनिच्चा ति, यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥**

**सब्बे संखारा दुक्खा ति, यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥**

**सब्बे संखारा अनत्ता ति, यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥**

भावार्थ- सम्पूर्ण संस्कृत (निर्मित, बनाइएका) चिजहरू अनित्य हुन्, दुःख हुन् र अनात्म हुन् । जब कसैले प्रज्ञापुर्वक यस कुरालाई देख्दछ वा जान्दछ भने उक्त व्यक्ति सम्पूर्ण दुःखहरूबाट मुक्त हुन्छ । यो नै विमुक्तिको मार्ग हो ।

यसप्रकार हरेक वस्तु वा धर्मको अन्तिम स्वभाव अनित्य, दुःख र अनात्म हो भनी व्याख्या गर्नु नै बौद्ध-दर्शनको विशेषता हो । यो नै बुद्ध-दर्शनअन्तर्गत त्रिलक्षण हो ।

**२.५ धर्म वर्गिकरणः**

बुद्ध-दर्शनमा धर्महरूलाई पञ्चस्कन्ध, द्वादश आयतन र अष्टादश धातुहरूमा विभाजन गरिएको छ ।

**पञ्चस्कन्धः**

बुद्ध-दर्शनमा आत्माको सत्ता अस्विकार गरिएको छ भने मन र मानसिक वृत्तिको अध्ययनलाई महत्त्व दिइएको छ । यसर्थ बुद्ध-दर्शनमा आत्मा भन्नु पञ्चस्कन्धहरूको संघात मात्र हो तथा व्यक्ति पनि यिनै पञ्चस्कन्धको एकिकृत रूप हो । पञ्चस्कन्धअन्तर्गत "रूप" भनेको भौतिक शरीर वा भौतिक परमाणुहरूको पुञ्ज हो । विज्ञान, संज्ञा, वेदना र संस्कार -यी चार स्कन्धहरू मनअन्तर्गत पर्दछन् । **सब्बस□हे पंचक्खन्धा रुपक्खन्धो वेदनाक्खन्धो सञ्ञाक्खन्धो संखाराक्खन्धो, विञ्ञाणक्खन्धो ।**[ज्ञछ]

यी पाँच स्कन्धहरूप्रति हाम्रो निरन्तर गहिरो आसक्ति भइरहने हुनाले यसलाई "पञ्चउपादनक्खन्ध" पनि भनिन्छ । यी पाँच स्कन्धहरू भएकैले हामीमा आसक्ति हुन्छ र आसक्ति भएकै कारणले अरू पाँच स्कन्धहरू उत्पन्न हुन्छन् । आसक्ति नहटेमा मृत्युको समयमा जब यी पाँचस्कन्ध यस जीवनबाट छुट्दछन्, अर्को जन्ममा नयाँ पाँच स्कन्ध लिएर नयाँ जीवनधारासहित प्रकट हुन्छन् ।[ृट]

**आयतन :**

बुद्ध-दर्शनअन्तर्गत द्वादश आयतन र अष्टादश धातुहरूको चर्चा गर्ने गरिन्छ । द्वादश आयतनअन्तर्गत ६ इन्द्रियहरू र यी इन्द्रियहरूका सम्बन्धित ६ विषयहरू पर्दछन् । आँखा, कान, नाक, जिब्रो, छाला र मनजस्ता इन्द्रियहरूका रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्मजस्ता विषयहरूलाई समग्रमा द्वादश आयतन भनिन्छ । त्यसैगरि ६ इन्द्रियहरूको ६ विषयहरूसँग सम्पर्क हुँदा ६ विज्ञानहरू उत्पन्न हुन्छन् । जस्तै आँखाको रूपसँग स्पर्श हुँदा चक्षुविज्ञान उत्पन्न हुन्छ । त्यसैगरी कानको शब्दसँग स्पर्श हुँदा श्रोतविज्ञान, नाकको गन्धसँग स्पर्श हुँदा घ्राणविज्ञान, जिब्रोको रससँग स्पर्श हुँदा जिह्वाविज्ञान, छालाको स्पर्शसँग सम्पर्क हुँदा कायविज्ञान र मनमा चिन्तन मनन चल्दा मनोविज्ञान जस्ता ६ विज्ञानहरू उत्पन्न हुन्छन् । यसरी ६ इन्द्रिय, तिनका ६ विषय र परस्पर सम्पर्कबाट उत्पन्न ६ विज्ञान गरी १८ धातुहरूको व्याख्या गरिन्छ । यसरी सम्पूर्ण धर्महरू स्कन्ध, आयतन र धातुभित्र पर्दछन् ।

### ३. निष्कर्ष :

भगवान् बुद्धले ४५ वर्षसम्म देशना गरेका विषयहरू आज धर्म, दर्शन र विज्ञानको रूपमा संसारभरि अवलम्बन गरिदैछन् । धर्मको रूपमा झण्डै आधा एशियाली जनताहरूले यसलाई अवलम्बन गरिरहेका छन् भने यूरोप अमेरिकामा यसलाई ग्रहण गर्ने क्रम बढिरहेको छ । त्यसैगरि दर्शनको रूपमा सर्वकालिक र अकाट्य दर्शनको स्थान बुद्ध-दर्शनले बनाइसकेको छ । भगवान् बुद्धको ज्ञान हरेक व्यक्तिले स्वयं जाँच्न योग्य (**सन्दिट्ठिको**), तत्काल फलदायी हुने (**अकालिको**) र आउनुहोस् हेर्नुहोस् (**एहिपस्सिको**) भन्न योग्य भएकाले विज्ञानको रूपमा यसको व्याख्या हुने क्रम बढिरहेको छ । बौद्धइतर समुदायले पनि प्रायोगिक बुद्धदर्शन (Applied Buddhism) को रूपमा बुद्धशिक्षाहरूलाई व्यवहारिक जीवनका हरेक मोडमा प्रयोग गरिरहेका छन् । यसबाट बुद्ध-दर्शनको लोकप्रियता स्पष्ट हुन्छ ।

**संदर्भ ग्रन्थहरुः**


१. उपाध्याय, बलदेव, *बौद्ध दर्शन मीमांसा*, वाराणासीः चौखम्बा विद्याभवन, १९९९
२. प्रियदर्शी, थेर, *द बुद्धज एनसिएन्ट पाथ*, श्रीलंका : स्नाइडर एण्ड कं., १९८७
३. गोयन्का, सत्यनारायण, जागे पावन प्रेरणा, इगतपुरीः विपश्यना विशोधन विन्यास, १९९७
४. थापा, शंकर, *बौद्धदर्शन परिचय*, काठमाडौं : जज्मेन्ट आइज ल एण्ड कम्पनी प्रा.लि., २०७०
५. त्रिपाठी, रामशंकर (सं.), *अभिधम्मत्थसङ्हो (द्वितीयभागो), सब्बसङ्हो, पञ्चक्खन्धा*, वाराणासीः सम्पूर्णानन्द संस्कृत
६. शाक्य, दोलेन्द्र शाक्य (अनु.), *महासतिपट्ठानसुत्त*, ललितपुरः कृष्णबहादुर नकर्मी, २०५९
७. दीघनिकाय, महानिदान सुत्त
८. मज्झिमनिकाय, महाहत्थिपदोपम सुत्त
९. संयुक्तनिकाय, दुःख सुत्त
१०. धम्मपद


## (Footnotes)

१. बलदेव उपाध्याय, *बौद्ध दर्शन मीमांसा*, वाराणासीः चौखम्बा विद्याभवन, १९९९, पृ. ६
२. मज्झिमनिकायः १:२८, महाहत्थिपदोपम सुत्त, संयुक्त निकायः ३:१३, दुःख सुत्त
३. *को नु हासो किमानन्दो निच्चं पज्जलिते सति* (धम्मपदःगाथा १४६)
४. थेर प्रियदर्शी, *द बुद्धज एनसिएन्ट पाथ*, श्रीलंका : स्नाइडर एण्ड कं., १९८७, पृ. १३५-१३६
५. मज्झिमनिकाय, १:२८, महाहत्थिपदोपम सुत्त
६. धम्मपद गाथा-२७३, २७४
७. धम्मपद गाथा नं. १८३
८. सत्यनारायण गोयन्का, जागे पावन प्रेरणा, इगतपुरीः विपश्यना विशोधन विन्यास, १९९७, पृ.५४
९. मज्झिमनिकाय, १:२८, महाहत्थिपदोपम सुत्त
१०. दीघनिकाय, २:२, महानिदान सुत्त
११. शंकर थापा, बौद्धदर्शन परिचय, काठमाण्डौः जज्मेन्ट आइज ल एण्ड कम्पनी प्रा.ली., २०७०, पृ.६३
१२. उपाध्याय, पा.टि. १, पृ.२३५
१३. संयुक्तनिकाय, ३:२२:१२-१४
१४. धम्मपद गाथा, २७७-२७९
१५. रामशंकर त्रिपाठी (सं), *अभिधम्मत्थसङ्हो (द्वितीयभागो), सब्बसङ्हो, पञ्चक्खन्धा*, वाराणासीः सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, ई. १९९२, पृ. ७८६
१६. दोलेन्द्र शाक्य (अनु.), *महासतिपट्ठनसुत्त*, ललितपुरः कृष्णबहादुर नकर्मी, २०५९, पृ. ५३

♦



# दुःखबाट मुक्ति

✍ दिलबहादुर शाक्य, टक्सार-तानसेन

इ.पू. ६२३ मा वैशाख पूर्णिमाका दिन कपिलवस्तुका राजा शुद्धोधन र महामायादेवीबाट गौतम बुद्धको जन्म लुम्बिनी बगैंचामा भएको थियो । जन्मिने वित्तिकै दश दिशा हेरी सात पाइला हिँडेका थिए । जन्मेको सात दिनपछि नै महामायादेवीको देहअवसान भएको हुनाले उनको सम्पूर्ण पालनपोषण सौतेनी आमा महाप्रजापति गौतामीबाट भएको थियो । शाक्य कुलमा पाँचौ दिनमा नामाकरण गर्ने रीति थियो । त्यसैले पाँचौं दिनमा पण्डित ज्योतिषहरूले यो बालक राजपातमा लागे भने अद्वितीय चक्रवर्ती सम्राट बन्ने छ, तर यदि गृहत्याग गरी सन्यासी भएमा त्रिलोकाचार्य सर्वज्ञ बुद्ध हुने छ भन्ने भविष्यवाणी गरे । तीमध्ये कनिष्ठ पण्डित ज्योतिष कौण्डिन्यले यो बालक गृहस्थी जीवन त्यागेर सर्व अर्थ सिद्ध गरेर बुद्ध नै बन्ने छ भनी ठोकुवा गरे । त्यसपछि 'सिद्धार्थ' भनेर नाम राखियो । ज्योतिषहरूको कुरा सुन्दा राजा शुद्धोधनलाई हर्ष र विस्मात दुबै भयो । तैपनि राजपात त्यागेर सन्यासी बन्ला भन्ने भयले गर्दा राजा शुद्धोधनले सुखसयल, मोजमस्ती तथा आनन्दको व्यवस्था गर्न विलासीपूर्ण रम्य, सुरम्य र शुभ नामका राजमहलहरू निर्माण गरेका थिए । उक्त दरबारमा नाच्ने नर्टकीहरू, गाउनेहरू पनि नियुक्ति गरेका थिए । १६ वर्षको उमेरमा सुप्रबुद्धकी पुत्री परम सुन्दरी यशोधरासँग विवाह गरिदिए । त्यसपछि राज्याभिषेक पनि गरिदिए ।

वाल्यकालदेखि नै परम दयालु, एकान्त प्रिय राजकुमार सिद्धार्थलाई राजमहलका ती मनमोहक दृश्यहरूले मन छुन सकेन र महल बाहिर घुम्ने इच्छा राखी सारथी छन्दककासाथ नगर भ्रमण गर्न निस्किए । यसरी नगर घुम्ने क्रममा शारीरिक रूपले असक्त भएका बृद्ध, अर्को दिन दुःख पीडाले कराइरहेको रोगी, पुनः अर्को दिन मानिसको शव देखी आफू पनि एक दिन बृद्ध हुन्छ, रोगी हुन्छ र मृत्यु हुन्छ भन्ने ज्ञानले सिद्धार्थको मनमा धेरै बेचैनी हुनथाल्यो । जति गरेपनि महलका ती सुखसयलका दृश्यहरू भन्दा आफ्नो आँखा अगाडि ती बृद्ध, रोगी र शवका दृश्य र चित्रहरू नै घुम्न थाले ।

**– अष्टा□िक मार्ग अपनाउदा दुःखबाट मुक्त हुन्छ । देख्दा वा सुन्दा सुन्दर र सरल जस्तो लागे पनि सम्यक् (ठीक वा सन्तुलित) को मानक पत्ता लगाउन चाहि कठीन छ । शरीर र वचनले शुद्ध र सहीकर्म गर्नु शील हो । मनलाई आ□नो वशमा राख्नु समाधि हो । मनमा जम्मा भएका राग, द्वेष, मोहका संस्कारहरुलाई जरैदेखि उन्मूलन गरी दुःखबाट मुक्त गर्ने त□व प्रज्ञा हो ।– "जीवन मुक्तिको लागि प्राणी हिंसा गरेर बलि दिने गर्छन्, नदीमा नुहाई मुक्त हुन्छ भन्ठान्छन् । हिंसा गरेर धर्म हुादैन, त्यसबाट पाप पो वृद्धि हुन्छ ।"**

सबै मानिसहरू किन वृद्ध हुन्छन्? किन रोगी हुन्छन्? किन मर्छन्? यसका कारणहरू के हुन्? भन्ने कुराले मनमा गहिरो खुल्दुली मच्चियो । यी सबै दुःखबाट कसरी मुक्ति पाइन्छ? यी दुःखको निरोध कसरी हुन्छ? यसबाट सदाका लागि मानिसले कसरी छुटकारा र मुक्ति पाउँछ भन्ने कुराले मनमा साह्रै चिन्ता लाग्न थाल्यो र झन्झन् विरक्ति बढ्न थाल्यो । दरबारभित्र एकान्तमा बसेर हरदम यसै बारेमा चिन्तन गर्न थाल्यो । सुख ठानेका सबै दुःख रहेछ भन्ने थाहा पाई मनमा वैराग्य भावले जरा गाड्न थाल्यो । दरबारमा बस्न

यस अङ्क



गताङ्कमा



आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०

E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np

gkondanya@gmail.com, kondanya@soon.com

सकेन र एक दिन बाहिर घुम्न जाँदा सिद्धार्थ कुमारले पहेँलो वस्त्र धारण गरेको स्थिर र शान्त स्वभावको श्रमण-भिक्षुलाई देखे । गृहस्थ त्यागेर श्रमण-भिक्षु भएको व्यक्तिलाई देखेर केही प्राप्त भएको जस्तै मनमा केही शान्तिको अनुभूति प्राप्त भयो । सिद्धार्थलाई दुःखको निरोधको उपाय मार्ग फेला परे जस्तो भयो र मनमा गृहत्याग गर्ने विचार उत्पन्न भयो । त्यसैबेला सिद्धार्थले आफ्नो पुत्र जन्मेको थाहा पाए, बालकलाई राहुल भनी नामाकरण गरियो ।

सिद्धार्थको उमेर २९ वर्ष भैसकेको थियो । आषाढ पूर्णिमाको मध्यरातमा राजपात सबै त्यागेर जगतको उद्धार गर्ने उद्देश्यले महाभिनिष्क्रमण गर्ने निश्चय गरेर निदाएकी पत्नी, पुत्र राहुल कुमार, सम्पूर्ण परिवार, राजमहल दरबारको सुख ऐश्वर्य सबै त्यागेर सारथी छन्दकसाथ कन्थक घोडामा चढी अनोमा नदीको किनारमा पुगे । त्यहीँ घोडाबाट ओर्लेर आफ्ना आभूषण, रेशमी वस्त्र, घोडा सबै सारथी छन्दकलाई सुम्पेर आफ्नो केश काटेर प्रव्रजित भई भिक्षु भेष धारण गरे । त्यसपछि विभिन्न साधुसन्तहरूसित संगत गरी हिंड्न थाले । तर आफ्नो जिज्ञासा मेटिएन । दुःख नाश गर्ने उपाय पाउन सकेन । मनमा शान्ति भएन । अन्न, पानी नखाई तपस्या गर्न थाले । त्यसरी पनि केही प्राप्त गर्न सकेन । मन शान्त हुन सकेन । आफ्नो जिज्ञासा यथावतै रह्यो । यसबाट यो कुरा निश्चित भयो कि शरीरलाई कष्ट दिएर, पीडा दिएर, हाड छाला मात्र बाँकी रहने गरी शरीरलाई सुकाएर मात्र पनि ज्ञान प्राप्त गर्न सकिँदैन । त्यसपछि आहार ग्रहण गरी सिद्धार्थ गौतमले मध्यममार्ग अपनाउन उचित ठाने ।

६ वर्षसम्म यताउता भौँतारिएपछि बुद्धगयामा सुजाताले दान गरेको खीर खाएर बोधिवृक्ष मुनि ध्यान मग्न भएर बसे । आस्ते आस्ते आफूलाई बृहद् सुखानुभूति भयो, चित्तलाई परिशुद्ध पार्नुभयो । मारगणलाई पनि परास्त गरेपछि रात्रीको प्रथम प्रहरमा पूर्वानुस्मृति ज्ञान (पूर्वजन्मको ज्ञान) प्राप्त गरे । द्वितीय प्रहरमा च्युत्योत्पत्ति (उत्पत्ति र मरण) ज्ञान प्राप्त गरे । तृतीय प्रहरमा आस्रवक्षय (यो कारणले यो हुन्छ, यो कारणले यो हुँदैन) ज्ञान अर्थात् फेरी जन्म हुने कारण, जन्म नहुने कारण (प्रतीत्यसमुत्पाद ज्ञान) प्राप्त गरे । यसरी आफ्नो पुनः जन्म नहुने भन्ने ज्ञान पनि भयो । चतुरार्यसत्य, प्रत्यक्ष निर्वाण धातु पनि अववोध भयो । अन्तिम प्रहरमा दुःखको निदान महापरिनिर्वाणको ज्ञान पूर्ण प्राप्त गरी सम्यक् सम्बुद्ध हुनुभयो । यसरी वैशाख पूर्णिमाकै दिन बोधिवृक्ष मुनि ३५ वर्ष पूरा गरेको उमेरमा बुद्धत्व प्राप्त गरे र सिद्धार्थ गौतम बुद्ध भए ।

त्यसपछि भगवान् शाक्यमुनि गौतम बुद्धले आषाढ पूर्णिमाको दिन वाराणसीको ऋषिपतन मृगदावन सारनाथमा सर्व प्रथम पञ्च भद्रवर्गीय भिक्षुहरूलाई सांसारिक दुःखबाट मुक्त भई निर्वाण सुखप्राप्तिका लागि चतुरार्यसत्य देशना गर्नुभई धर्मचक्र-सूत्र प्रवर्तन गर्नुभयो । दुःखबाट मुक्त हुन पहिले दुःख के हो, किन हुन्छ, के कारणले हुन्छ यसलाई हटाउने उपाय थाहा पाउनुपर्छ । यसअन्तर्गत-ः

१) **दुःख आर्यसत्य –** संसारमा नौ प्रकारका दुःख छन् । जन्म हुनुपर्ने दुःख, बुढाबुढी हुनुपर्ने दुःख, रोगी हुनुपर्ने, मर्नुपर्ने, मन नपर्नेहरूसँग संयोग, मन पर्नेहरूसँग वियोग, इच्छित वस्तु प्राप्त नहुनु, मृत्यु हुनु, यो पञ्चस्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान) शरीर सबै दुःख हुन् ।

२) **दुःखसमुदय आर्यसत्य –** दुःख हुनुको कारणहरू छन् । दुःखको मूलभूत कारण नै क्षणिक पदार्थहरू माथिको तृष्णा हो । तीन प्रकारका तृष्णा- काम तृष्णा (सुख भोगको चाहना), भव तृष्णा (फेरी फेरी जन्म लिने चाहना) र विभव तृष्णा (कर्मफलमा विश्वास नलिने इच्छा) नै दुःखका मुख्य कारणहरू हुन् ।

३) **दुःखनिरोध आर्यसत्य –** यो दुःखबाट मुक्त हुने दुःखको निवारण हो । तृष्णाको नाश भएमा दुःखको पनि नाश हुन्छ । दुःखको निरोध तृष्णाको अन्त्य हो । तृष्णाको निरोध नै निर्वाण हो ।

४) **दुःखनिरोधगामिनी प्रतिपदा आर्यसत्य –** मनबाट अहम् भाव र राग, द्वेष र मोह निरोध भएमा निर्वाण प्राप्त हुन्छ । त्यसकारण वास्तविक सुख निर्वाण हो । चार आर्यसत्यको अन्तिम सत्यलाई आर्य अष्टाङ्गिक मार्गको रूपमा वर्णन गरिएको छ । यसलाई प्राप्त गर्न, परमानन्द र सुख प्राप्तिका लागि बुद्धले बडो सरल ढङ्गले सबैले बुझ्ने हिसाबले सम्यक् सूत्र दिए । सम्यक्को अर्थ हुन्छ ठीक (सही) वा सन्तुलित । दुःखबाट मुक्ति पाउन आर्य अष्टाङ्गिक मार्ग अर्थात् आठवटा मार्गहरू बताउनुभयो । ती हुन् -

**शीलअन्तर्गत–**

१) **सम्यक् वचन –** ठीक वचन (वाक्दुश्चरितलाई नाश गर्नु, राम्रो र हितकारी वचन बोल्नु) ।

२) **सम्यक् कर्मान्त –** ठीक काम (प्राणी हिंसारहित काम गर्नु) ।

३) **सम्यक् आजीविका –** ठीक जीवन (कसैलाई नठगी आफ्नै श्रममा जिउनु, जीविका चलाउनु) ।

**समाधिअन्तर्गत–**

४) **सम्यक् व्यायाम –** ठीक मेहनत, परिश्रम वा प्रयत्न (आलस्यलाई त्याग्नु, ठीकसँग प्रयत्न गर्नु) ।

५) **सम्यक् स्मृति –** ठीक स्मृति, जागरण (मिथ्या बुझाई वा मिथ्या समझको नाश गर्नु, सबैलाई ठीकसँग जान्नु) ।

६) **सम्यक् समाधि –** ठीक एकाग्रता (चित्तलाई स्थिर र एकाग्र गर्नु) ।

**प्रज्ञाअन्तर्गत–**

७) **सम्यक् दृष्टि –** ठीक धारणा (प्रज्ञा चक्षु खोल्नु, सही रूपमा हेर्नु, शुद्ध धर्म मात्र प्रवर्तित हुनु) ।

८) **सम्यक् संकल्प –** ठीक संकल्प (चित्त वृत्तिलाई निर्वाण पदमा लगाउनु) ।

उपरोक्त अष्टाङ्गिक मार्ग अपनाउँदा दुःखबाट मुक्त हुन्छ । देख्दा वा सुन्दा सुन्दर र सरल जस्तो लागे पनि सम्यक् (ठीक वा सन्तुलित) को मानक पत्ता लगाउन चाहिँ कठीन छ । शरीर र वचनले शुद्ध र सहीकर्म गर्नु शील हो । मनलाई आफ्नो वशमा राख्नु समाधि हो । मनमा जम्मा भएका राग, द्वेष, मोहका संस्कारहरूलाई जरैदेखि उन्मूलन गरी दुःखबाट मुक्त गर्ने तत्त्व प्रज्ञा हो । शील नभए समाधि सुदृढ हुँदैन । समाधि नभए प्रज्ञा विकसित हुँदैन । प्रज्ञा विकसित नभई मनका विकारहरू (तृष्णा) नष्ट हुँदैन र दुःख उन्मूलन हुँदैन । भवचक्र (वन्धन) बाट मुक्ति मिल्दैन । यसरी कैयौं जन्म यस भवचक्रमा घुमिरहनु पर्ने हुन्छ र दुःखबाट छुटकारा र मुक्ति पाइँदैन ।

यी चार आर्यसत्यलाई आत्मसात गरेपछि मात्र 'सत्य' लाई सत्यकै रूपमा स्वीकार्न, दुःखको यथार्थ, कारण, प्रकृति र त्यसको मूल स्रोत थाहा पाउन सकिन्छ । दुःखनिरोधलाई बुझ्न अनि दुःखनिरोधको बाटो पहिल्याएर त्यही बाटोमा हिंड्न र हिंडाउन सकिन्छ । यसका लागि चित्त पवित्र र शुद्ध हुनुपर्छ । मानिसले सुख भनिरहेको वस्तु वास्तवमा सुख नभएर दुःखकै प्रतिच्छाया मात्र हो । दुःख कसैले मन पराउँदैन, ता पनि दुःख आउन छोड्दैन ।

भगवान् बुद्ध एकै ठाउँमा कहिल्यै बस्नु भएन । आफ्नो ज्ञान र शिक्षा बाँड्न ४५ वर्षसम्म विभिन्न ठाउँमा पैदल यात्रा गर्नुभयो । यसरी बुद्धले विश्वलाई ज्ञान र शिक्षा दिए । यही दुःखबाट मुक्तिको सिद्धान्तको प्रचार र सुखको बाटो संसारलाई देखाउँदा देखाउँदै कुशीनगरमा वैशाख पूर्णिमाकै दिन ८० वर्षको उमेरमा बुछले महापरिनिर्वाण प्राप्त गरे ।

**भवतु सब्ब मङ्गलम् ।**

# खोजौं

– राज शाक्य, ल.पु.

स्वार्थ श्वासले रुमलिएको
हाम्रो देश नेपालमा
मारिदिएको सत्य, प्रेम, शान्ति
सनातन पवित्र धर्मलाई
फेरि जाग्रित गरी
सुधर्म, सुन्याय, सुनीतिले
हिंसा, बलात्कार, अन्यायले
भयभित दुःखित जनलाई
उद्धार गर्न सक्ने
एकजना बोधिस□व खोजौं ।

मिलिजुली संविधान नबनाई
आफू–आ□नो लिडे ढिप्पिमा
आरोप प्रत्यारोपको
नाटक खेली, मौज गर्ने
पागल स्वभाव नेताहरुलाई
उचित पाठ सिकाउन सक्ने
देशलाई उन्नत उज्वल बनाउन
टकसार महल सिंहदरवारमा
कोटपर्व चलाउन सामर्थ्यवान
एकजना ज□बहादुर खोजौं ।

स्वतन्त्र नेपाल राज्यमा
अनेक धर्म अनुयानी हादा हादै
नेपाललाई ...हिन्दूराष्ट्र□ भन्नुपर्‍यो किन ?
धर्मनिरपेक्षता संघीयता तोडी
सम्प्रदाायिकता भाव जगाई
शान्त देशलाई हिंसामा मोडी
स्वार्थ आ□नो चाहनेहरुलाई
स्वःधर्म स्वतन्त्रताको
गहन मह□व बुझाउन सक्ने
एकजना प्रज्ञावान आचार्य खोजौं ।

## अनिच्चावत संखारा उप्पादवय धम्मिनो



| बुगु दिं | | मदुगु दिं |
|---|---|---|
| वि.सं. १९९५ | | वि.सं. २०७२ |
| चैत्र कृष्ण चतुर्दशी | | जेठ १ गते |

**रेम बहादुर ताम्राकार**

**अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया लागि आपालं योगदान यानादीम्ह थुगु केन्द्रया उपाध्यक्ष भाजु रेम बहादुर ताम्राकारजु ७७ दा या वैशय् थःगु नश्वरगु देह त्यागयाना दिवंगत जुया दीगुलिं वयक:या गुणानुस्मरण यासे भिंगति व निर्वाणया कामना यानाच्वना । नापं दु:खा क:पिं सकल छें ज:पिंसं मरणानुस्मृति भावना अभ्यास याना: धर्मसंवेग उत्पत्तियाना धैर्य धारण याये फयेमा धका विचा: हायेका च्वना ।**

विचा: हायेकूपिं

अध्यक्ष

**शान्तमान शाक्य प्रमुख**

अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया सकल परिवारपिं

अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र बुद्ध नगर शंखमूल, ये ।

## महिनाको अन्तिम शनिवार एक दिवसिय ध्यान-शिविर

**विहान ८ बजेदेखि साझ ४ बजेसम्म नयाा साधक साधिकाहरुको लागि**

| | | |
|---|---|---|
| स्थान | : | आनन्दकुटी विहार, स्वयम्भू |
| सम्पर्क | : | नानी माया महर्जन |
| | | धर्मरत्न ताम्राकार |
| | | फोनः नं.- ४२७१४२०, ४०३३५९० |



# बुद्धशिक्षा परिवर्तित नेपालको लागि र झी नेवा:को भूमिका

डा. ई. भगवान दास मानन्धर

नेपाल एक भौगोलिक विषमता भएको देश हो, त्यसै गरी यहाँ विविध मानव जातिको विषमता पनि छ । जुन प्राकृतिक भौगोलिक सम्पदाभन्दा पनि अति महत्त्वपूर्ण छ र अमूल्य छ । त्यो हो नेपालका विभिन्न स्थानका आदिकालदेखि बसोवास गर्दै आएका जनजातिहरूको समुदाय । यी समुदायहरू नेपालका राष्ट्रिय पहिचान हुन् । यी समुदायहरूलाई पहिचानका लागि विभिन्न जातीय नामाकरण गरिएका छन् । यी समुदायहरूको उत्थान हुनु र गर्नु राष्ट्रिय दायित्त्व पनि हो साथै नेपालको गौरभ, शान पनि हो । भनिन्छ गुन्द्रुक ढेडो खानु परे पनि परिवारका सदस्यहरू सबै सन्तुष्ट छन् भने स्वर्ग त्यहिँ नै हुन्छ । आर्थिक विकासभन्दा पनि देशबासीहरूको उत्थान हुनु अति महत्त्वपूर्ण छ । देश विकसित र सम्पन्न हुनुको लक्षण देशका नागरिकहरूको सम्मान र हकहितको कदर हुनुमा निर्भर गर्दछ ।

नेपाल सबै जातिको साझा फूलबारी हो । यहाँ कुनै जातिको अत्यधिक बहुमत छन् भने कुनै जातिको संख्या औंलामा गन्न सकिन्छ । काँडा भएको गुलाफको फूल राम्रो भयो भन्दैमा पुरै बगैँचामा अरू फूलका प्रजातिलाई मास्नु उचित देखिँदैन । बगैँचा त्यति बेला राम्रो मानिन्छ, जब अनेक विविध प्रकारका प्रजातिका फूलहरू फुल्दछन् । तराईका फाँटमा, पहाडका लेकबेशीमा प्रशस्त विविध फूलहरू फुल्दछन् तर पनि कम संख्यामा पाइने हिमाली भेगका एकल फूलहरूको महत्त्व पनि प्रकृतिमा त्यत्तिकै हुन्छ । यी विषम फूलको सुगन्धबाट देश मगमगाउँछ । यही देशबाट विश्वमा शान्तिको सुगन्ध छरौं । यो सबै नेपालीको कर्तब्य हो ।

वैदिक संस्कारदेखि चलिआएको मानिसको चारवर्णमा विभाजन काल्पनिक मात्र हुन् । यी चार वर्णहरू ब्राह्मण, क्षेत्री, बैश्य र शुद्र गरी मानिसको विभाजन गरिनुमा कुनै वैज्ञानिकता देखिँदैन । यतिमात्रै हैन एक ब्यक्तिको अंगलाई टुक्राएर टाउकोलाई ब्राह्मण, हातलाई क्षेत्री, पेटको भागलाई बैश्य र प्रजननअंग खुट्टाको भागलाई शुद्र भनिनु कसरी उचित हुन सक्दछ? विज्ञानमा टाउकोलाई टाउको मात्र भनी नामाकरण गरिएको छ । यदि चारवर्णको विभाजनलाई स्वीकार्ने हो भने हरेक ब्यक्ति छिनछिनमा उनको कार्य, ब्यवहार मात्र नभई सोचमा आउने परिवर्तन अनुसार ब्राह्मण, क्षेत्री, बैश्य र शुद्र हुनजान्छ । एक शिक्षक पढाउँदा ब्राह्मण हुन्, अत्याचारविरूद्ध आवाज उठाउँदा क्षेत्री, परिवारको भरणपोषणलाई जागिरे गर्नु बैश्य त नराम्रो लज्जास्पद कुरा, कार्य गर्नु शुद्र हुनु हो । बुद्ध भगवानको उपदेश छ :-

**न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।**
**कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ॥**

**अर्थात्,** जातिले शुद्र हुँदैन, न त जातिले नै ब्राह्मण हुन्छ । कर्मले नै शुद्र हुन्छ भने कर्मले नै ब्राह्मण हुन्छ ।

यो देश बुद्ध-भूमि, बुद्धको पवित्र जन्मभूमि हो । सत्यको उद्गम स्थल हो । यो आध्यात्मिक देश हो । यहाँ सदा धार्मिक सहिष्णुता कायम रहिआएको छ । कोही नेताहरू आफ्नो स्वार्थलाई पूर्ति गर्नका लागि यहाँको धार्मिक सन्तुलनलाई आहुति दिन प्रयासरत देखिन्छन् । यस धर्म जागेको देशका जनताहरू विवेकी छन्, धार्मिक सहिष्णुता कायम गर्न सक्षम छन् । अब देश नेताबाट हैन, देश जनताबाट चल्ने छ । किनकी जनताले छानी देशका सेवामा पठाइएका नेताहरू "सेवक" नभई "ठग, वचन परायण, भूठो बोल्ने, अविश्वासी" मा परिणत भएका देखिए । यी विषादी च्याउझैं उम्रेका "झूठा" नेताहरूलाई जनताहरूले हरदिन, हरभाषण, हरबोली, हर ईन्टरभ्यूमार्फत् तौलिसकेका छन् ।

हालसम्म पनि बुढापाकाको मुखबाट नेपाल जाने भनेको सुन्छौं । काठमाडौं उपत्यका र यसका केही छेउछाउका स्थानलाई नेपाल मण्डल भनिन्छ । यो कुरा आज विकासको नाममा उपत्यकाका ऐतिहासिक धरोहर

सम्पदाहरू (मन्दिर, पाटिपौवा, ढुङ्गेधाराहरू, सडक, गल्ली र पुर्खौंदेखि बसेका स्थानीयबासीहरूको मन्दिरस्वरूप घर) ध्वस्त पार्दै, अति चापमा जनसंख्या भित्र्याएर, गगनचुम्बी घरहरू निमार्ण गराएर काठमाडौ मात्र नेपाल हो भन्ने सावित गराइदिएका छन् । "ग्लोबल वार्मिङ्ग" को वकालत गरी अन्तर्राष्ट्रिय भेला "समिट" गरी नेपाल निर्दोष रहेको देखाई विश्वबाट सहयोग माग्न तप्तर देखिन्छ । काठमाडौंका सडक विस्तार क्रममा घर बहालमा राखिखाएको नै मुआब्जा भयो भनी घरधनीहरूलाई मौखिक जवाफ फर्काइ, यहाँका स्थानीय आदिवासीलाई सडक अतिक्रमणकारी घोषित गरी राष्ट्रिय तथा अन्तराष्ट्रीय जगतलाई आँखा छोप्न सक्नु सतिले सरापेको देश भनी प्रमाणित गराउन सक्नु पनि सरकारको खुबी देखिन्छ । यसरी देशको सम्पूर्ण अस्वस्थ, अप्रिय घटनाका बोझ बोकेको नेवारी समाजमाथि वज्रप्रहार हुँदा पनि देशको परिवर्तित समयलाई आत्म-समर्पण गर्न सक्नु नेवाः समाजको महानता हो । झी नेवाः बुद्धशिक्षाअनुरूप मध्यममार्गी शान्तिप्रिय समुदाय हुनुको प्रमाण हो ।

सत्ययुगमा काठमाडौं उपत्यका नागदह थियो । यहाँ पुष्पकमलबाट श्रीस्वयम्भू ज्योतिरूप प्रकाश भएको थियो । बोधिसत्त्व महामञ्जुश्रीबाट श्रीस्वयम्भू ज्योतिरूप सर्वसाधारणका लागि दर्शन सुविधा हेतु र मानवजातिको कल्याणार्थ करूणा राखी नागदहको पानी गोकर्ण, आर्यघाट, चोभार र क्वदुवाको पहाड फुटाई पानी निकास गराई, सुकाई बस्ती बसाई, आफ्ना शिष्य धर्माकरलाई राजा बनाइदिएका थिए । यसकारण संसारमा विरलै पाईने लाकुस्ट्राईन कालो माटो काठमाडौं उपत्यका नेपालको खाद्य, तरकारी, फलफूलको उत्पादन गर्ने तथा भण्डारको मूख्य स्रोत हो । यस उपत्यका र नेवारी बाग्मती सभ्यतासँग गाँसिएको बाग्मती खोला तथा यसका सहायक बिष्णुमती खोला विगत एकदुई दशकभित्र ढलमा परिणत गराईए, यसका बहावका क्षेत्रहरू सरकारी तवरबाट मिचेर सडक तथा सुकुम्बासीको थलो बनाइए । एक प्राकृतिक आमाको सुष्टिलाई नष्ट गरी कृतिम सभ्यतासँग हातेमालो गर्दैछन् नेपाल सरकार । मेरा बाजेले घिउ खाएथे मेरो हात सुँघ त भन्न पनि केही बाँकी नरहने भो यहाँ । विकासको परिभाषामा विचार र चिन्तन मनन् गर्न अनुरोध गर्दछु नेपाली बुद्धिजीविहरू समक्ष । स्मरण रहोस्, लिच्छवी, मल्लकालीन यही नेपाल, संसारको एक सुसंस्कृत, शक्तिशाली, संवृद्ध देश थियो ।

काठमाडौं नेपालको राजधानी भएकोले यहाँका स्थानीय आदिबासी, नेवारहरूको भूमिका नयाँ नेपालको निर्माणमा अति उच्चकोटीको छ । तर अफसोच तोडफोड, देश बन्द, लडाई झगडामा उत्रिएर गरिएका ध्वंसात्कम क्रियाकलापलाई मात्र परिवर्तनका भागिदार मानिन्छ । नेवारहरूको कला, संस्कृति, परम्परा तथा जीवन शैलीले देशभरी प्रभाव पार्नु स्वभाविक हो किनकी हरेक नेपालीलाई राजधानी आउनु, जानु, काठमाडौंमा रहनु जीवनको एक अभिन्न अंग हो । आदिकवि भानुभक्तले समेत अमरापुरी कान्तिपुर नगरी भनी प्रशंसा गरेका थिए । नेवारहरू बौद्ध तथा वैदिक (हिन्दू) संस्कार दुबैबाट दीक्षित भएका कारण उनीहरू धार्मिक सहिष्णुतामा विशष्ट छन् । सिद्धार्थ गौतम जो बुद्ध बने, उनी कुनै "अवतार" अवश्य पनि हैन् । उनी आध्यात्मिक तथा भौतिक संसारका उच्चकोटीका यस युगका महान विद्वान (Super Scientist) हुन् । उनी महामानव तथा नेपालका विभूति हुन् । यदि उनी अवतार हो भने हामी सबै अवतार हौं किनकी शास्त्र अनुसार मानव जन्म लिन चौरासी करोड योनीको जन्मपछि मात्र मानव चोलो पाइने मान्यता छ । बुद्धको अहिंसा र जीवनमा अति कठिन समयमा पनि संयमता कायम राखी सक्दो सहेर बस्ने चाँडो प्रतिक्रिया र तोडफोड गरी अरूको अहित नगर्ने शिक्षाका कारण नेवारहरू सोझा र शान्त छन् । भृकुटीले नेवाः समाजको धार्मिक सहिष्णुताको सन्देश तिब्वत, चीन पुऱ्याएकी थिइन् । काठमाडौं भित्रिएका सबै नेपालीलाई आफ्नै दाजुभाई सरह व्यवहार गरी भातृत्व सम्बन्ध कायम राखी शान्तिप्रिय समाजको नमूना प्रस्तुत गरेका छन् । देशमा शान्ति कायम होस्, हरेक नेपालीको भलो होस् भनी हरेक भजन, पूजापाठ, धार्मिक कार्यक्रममा समेत कामना गर्नु हरेक नेवारको दैनिक संस्कार हो ।

घर र देशमा कुनै फरक छैन । जस्तो आफ्नो घर आफैंले बनाउनु पर्दछ, संरक्षण र सम्वर्द्धन गर्नु पर्दछ । त्यसैगरी हाम्रो देश हामीले नै निर्माण गर्नु पर्दछ । छिमेकीको सहयोग र सल्लाह लिनु पर्दछ तर बनाउनु र निर्णय, कार्यान्वयन गर्नु आफैंले गर्नु पर्दछ । आज दिनदिनै देश ऋणमा डुब्दै गएको छ । जमाना उल्टिएको अवस्था छ । देशको ऋण समेत चुक्ता गरी उच्चकोटीको राष्ट्रियताको भाव उदाहरण दिएका शंखधर शाख्वाबाट नेपाली जनता तथा विशेष गरी हालका राजामहाराजा, नेताहरूले वहाँको पाठ र सन्देश सिक्नु पर्दछ ।

ऐतिहासिक कालमा संसारका सबै विद्वानहरू नेपालमा आएर शिक्षा लिन आउँथे । आज नेपालीहरू विदेश गमन हुन्छन् ।  उच्चशिक्षा हासिल गरेका बुद्धिजीविहरू "ब्रेन-ड्रेन" हुनु, युवा किसान र मजदुरहरूलाई "ब्रेकेज अफ डायम्ब" को सरकारी नीतिका कारण नेपाली दाजुभाई, दिदीबहीनीहरू विदेशीको "आधुनिक दास" जस्तै हुनु परेका छन् । नेपाल कृषि प्रधान देश नभई रेमिटायन्स भित्र्याउने देशमा चिनाउन खोज्नु नेपालको भूल हो । नेवारी समाजमा हरेकको घर "ज्यासल" तथा पसल हुन्थ्यो । हरेक युवाको हातमा उच्चकोटीको शीप हुन्थो । अरनिको भ्mी नेवाः समाजका एक ज्ललन्त उदारण हुन् । यही कारण हो लिच्छवी र मल्लकालीन समयमा नेपालको पैसा चीनको राजधानी पेकिङ्ग र भारतमा पनि चल्दथो, जसरी आज डलर, भारूको प्रभाव छ नेपालमा ।

स्मरण होस्, देशको मूख्य सम्पत्ति भनेको सशक्त, बुद्धिमान्, ज्ञानी, सन्त, अरहन्त, बुद्ध ब्यक्ति नै हुन् । यस्ता ब्यक्तिहरू यही देशका विविध समुदायको, समाजको संस्कार, परम्पराका खेतमा जन्मिएका हुन् । धन्य छौं हामी नेपाल आमाको कोखमा अनेक महान् सन्त, स्वामी, महात्मा, ऋषि, बुद्ध जन्म भए । हामी नेपालीहरूले आफ्नो र आफन्तका दिब्य शिक्षामा शंका उपशंका गरी भ्रममा परेको देखिन्छ । आयातित सामानमा हामी निर्भर रहेको छ, यो देश आज । अज्ञानता मानवको ठूलो शत्रु हो । समयमै होसमा आउनु, आँखा खोल्नु जाति हुनेछ, सुदृढ संवृद्ध नेपालको भविष्यको कामनाको लागि । उज्वल नयाँ नेपालका लागि सम्पूर्ण नेपालका समुदायका राम्रा राम्रा कुराहरूलाई अँगाल्नु र उत्थान गर्नु पर्दछ भने नराम्रा कुराहरूलाई केलाई फाल्नलाई सबै नेपालीको तर्फबाट हिम्मत गरिनु र सहयोगको आवश्यक पर्दछ ।

अन्तमा यो देश अहिंसा तथा लडाईं पथमा गमन नहुनुमा भ्mी नेवा समुदायको संस्कार, परम्परा, धर्मको ठूलो भूमिका छ । मुख्यतः काठमाडौं बासीको सहनशीलता, धैर्यताको ठूलो देन र गुण मान्नु पर्दछ । हाम्रो नेवाः संस्कारमा ब्याप्त परम्परामा घुसेका/घुसाइएका, लादिएका विविध क्रियाकलापहरू जस्तै पूजापाठ, भोजभटेर, प्रवचन, जात्राका संगति र विसंगतिलाई वैज्ञानिक रूपले केलाउनु पर्दछ । भ्mी नेवाःहरूले पनि बुद्धत्वको मर्मलाई बुझ्mौं, संगतिलाई मात्र अंगालेर विसंगतिलाई विदाई दिन अति आवश्यक भइसक्यो । जसरी ऐतिहासिक नेपाल संवृद्ध र शक्तिशाली थियो, सन्त र बुद्धको देश, विश्व गुरु थियो, नेपाल बुद्ध भूमि हो । पञ्चशीलको आधारमा पूनः देशको निमार्ण हुनु पर्दछ । स्वाभिमानी हातले देश आफैंले निर्माण गर्नु पर्दछ । नेपाल आमाको जय !!!

*(लेखक रामपुर क्याम्पस, कृषि र पशु विज्ञान अध्ययन संस्थान, रामपुर-चितवनका सह-प्राध्यापक हुनुहुन्छ ।)*

♦


**महाभूकम्पले हजारौं मानिसको अकाल मृत्युवरण तथा**
**खरबौं भौतिक क्षति भएको  दुःखद् घडीमा शोक सन्तप्त**
**परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै**
**घाइते दाजुभाई–दिदीबहिनीहरुको**
**शीघ्र स्वास्थ्यलाभको**
**कामना गर्दछौं ।**

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**
**बागबजार, काठमाडौं ३१, फोन : ०१–४२१९२५२**



# बोधिचर्या आचरण गर्ने प्रेरणा

✍ लोकबहादुर शाक्य

सम्पूर्ण धर्महरूको निःस्वभावता देख्ने अभ्यास गर्दागर्दै जब त्यो भावनाद्वारा बलियो हुन्छ, तब त्यसको वासनाले गर्दा भाववासनाको परित्याग हुन्छ । किनभने निःस्वभावता देख्नु र वस्तुसत्ता देख्नु आपसमा ठीक विपरीत कुरा हुन् । एउटा भएको बेला अर्को रहनै सक्दैन । फेरि शून्यता या निःस्वभावता वस्तुहरूको यथार्थ स्थिति हो जब कि भावहरूको ग्राह हुनु आगन्तुक र आलोक हो । जब वास्तविकताको बोध बलियो हुन्छ, तब काल्पनिकताको विनाश हुन्छ । निःस्वभावता भनेको भावहरूको देखिएको स्वभावलाई निषेध गर्नु मात्र हो । त्यसलाई 'प्रसज्यप्रतिवेध' भन्दछन् । त्यसरी निषेध गरेको कुनै अवस्था या अस्तित्वलाई फेरी अर्को स्वरूपको (निःस्वभावताको या शून्यताको) अस्तित्व दिनु मिल्दैन । त्यसो गरेमा त्यो निःस्वभावता या शून्यता नै हुँदैन । परन्तु अभ्यासमा भावहरूको निषेध गर्दाखेरि शून्यताप्रति मसिनो अभिनिवेश या ग्राह रहेकै हुन्छ । त्यसकारण त्यस्तो निषेध भावनाको कुनैपनि अस्तित्व छैन भनेर फेरि सँगै बुझिराख्नु र त्यही रूपमा अभ्यास गरिराख्नु पर्छ । त्यसको अभ्यास राम्रो हुँदै गएपछि उक्त शून्यताप्रतिको जुन ग्राह अर्थात् वासना रहेको थियो, त्यो पनि नाश हुन्छ । बुझ्नु पर्ने कुरा सर्वप्रथम शून्यताको वासनाले भाव या सत्ताको वासनालाई प्रहाण गर्नुपर्छ । पछि फेरि शून्यता-शून्यता अर्थात् परमार्थ शून्यताद्वारा त्यो शून्यताप्रतिको वासनालाई पनि प्रहाण गर्नुपर्छ ।

बुद्धत्व प्राप्तिको लागि गरिने सम्पूर्ण आचरण या अनुष्ठानहरूलाई नै बोधिचर्या भनिन्छ । 'जिन स्तम्भमा' जिन भनेको विजयी हो र स्तम्भ भनेको काम हो । अतः जिनस्तम्भको अर्थ हो चार मार (मुत्युमार, क्लेशमार, स्कन्धमार र देवपुत्रमार) लाई पराजित गर्दै असंख्य कल्पसम्म उक्त बोधिचर्याको अभ्यास गरेर प्राप्त भएको महापुरूषका बत्तीस लक्षण र अस्सी अनुव्यञ्जनले सुशोभित भएको काय । बुद्धताको प्राप्तिपछि कुनै पनि कल्पना, विकल्प, आदि केही पनि हुँदैनन् तापनि त्यस्तो बुद्धकाय विकसित

**आफू मात्र तरेर जाने आकांक्षा नलिइ अनुपलम्भ दृष्टिकोणले प्राणीहरुको उद्वार गर्ने बोधिस□वको मनसाय भयो । "बुद्धोभवेयम् जगतो हिताय" अनुसार सिद्धार्थ आफू तरेर जो उद्देश्यले बुद्ध हुनुभएको नभै लोक कल्याणको निम्ति बुद्ध हुनुभएको कुरा स्ष्ट बोधगर्न सकिन्छ । बुद्धधर्मको मनसाय बुझेर प्राणीहरुको कल्याणको लागि सक्दो योगदान गर्नु बोधिचर्या हो ।"**

भैसकेको हुनाले अनाभोग रूपमै (कुनै इच्छा कल्पना नभएर स्वतः नै) परहितको कार्य भइरहेको हुन्छ । फेरि त्यसरी बुद्धता प्राप्त गर्ने बोधिसत्त्वको ज्ञानमा एक, अनेक, उत्पाद, निरोध, शाश्वत, उच्छेद, आगम, निर्गम जस्ता कुनै पनि प्रपञ्च हुँदैनन् र त्यो अद्वय एवं आकाश समानको हुन्छ । यही नै भगवान्को ज्ञान धर्मकाय हो । यसको जुन अद्वय स्वभाव छ, त्यसलाई स्वभाव धर्मकाय भनिन्छ । परमार्थ सत्य पनि यही हो । यी दुबै कायलाई मिलाएर धर्मकाय भनिन्छ । व्यवहारमा यसैलाई प्रज्ञापारमिता, शून्यता, तथता, भूतकोटि, धर्मधातु आदि भनिन्छ ।

बोधिलाई प्राप्त गर्न अभिप्राय लिएर खटेका सत्वलाई बोधिसत्त्व भनिएको हो । उक्त बोधिसत्त्वको बुद्धता प्राप्त गरेर निर्वाण लाभ गरे भने पनि उनीहरूद्वारा गरिएको परहितको कार्य अनाभोग रूपमा आफै चलिरहन्छ । बोधिसत्त्व यानमा प्राप्त गरिने निर्वाण अलि भिन्दै खालको छ । निर्वाणहरू जम्मा तीन किसिमका मानिन्छन् । सोपधिशेष निर्वाण, निरूपधिशेष निर्वाण र अप्रतिष्ठित निर्वाण, चार आर्यसत्यको दर्शनबाट मुक्ति हुन्छ । चार आर्यसत्य भनेको दुःख आर्यसत्य, समुदय आर्यसत्य, निरोध आर्यसत्य र मार्ग आर्यसत्य हुन् । यिनीहरूको साक्षात्कारबाट क्लेशदेखि छुटकारा मिल्छ ।

उपरोक्त दर्शन हुने अभिसमयक्रम (साक्षात्कार हुने तरीका) पञ्च मार्ग क्रमको हिसाबले बताउँदाखेरि छोटकरीमा यस्तो हुन्छ- सर्वप्रथम साधकले शील लिएर सम्भार मार्गको शुरूआत गर्छ र शीलमा रहेर क्रमशः श्रुतमयी, चिन्तामयी प्रज्ञाको अभ्यास गर्दै भावनामयी प्रज्ञाको अभ्यास गर्ने क्रममा अुशभभावना, आनापान स्मृति या चार स्मृत्युप्रस्थान आदिको भावना गर्छ । त्यसबेला चार आर्यसत्यका अनित्य, दुःख, शून्य, अनात्म, जस्ता सोह्र आकारहरूको भावना गर्दै रहन्छ । त्यसरी अभ्यास गर्दागर्दै जब सम्भार मार्ग पूरा भएर प्रयोगमार्ग शुरू हुन्छ तब त्यो निर्वेध भागीयमा प्रवेश गर्छ र उसमा, मूर्धा, क्षान्ति र लौकिकाग्रधर्म यी चार चरणहरू पारगर्छ । प्रयोगमार्ग ( निर्वेधभागीय) का यी चार अवस्थापछि उसलाई दुःखमा धर्म क्षान्ति जस्ता १६ क्षणका अभिसमय (साक्षात्कार) उत्पन्न हुन्छन् । यही नै स्रोत आपन्न हुनु या दर्शन मार्गमा प्रवेश गर्नु हो । सोह्रौं क्षणदेखि भावना मार्ग शुरू हुन्छ र उसले तीन धातुकै भावना प्रहेय क्लेश एवं उपक्लेशहरूलाई प्रहाण गर्दै भावना मार्ग पूरा गर्छ । दर्शनहेय क्लशेहरू दर्शनमार्गमा नै प्रहाण भैसकेका हुन्छन् । त्यसपछि अन्तमा आएर आस्रवक्षय ज्ञान र अनुत्पाद ज्ञान भएपछि अर्हत् बन्छ । यसरी यो मुक्ति प्राप्ति हुन्छ ।

सर्वधर्म शून्यतको ज्ञान गर्ने मार्गविना बोधि प्राप्त हुने संभावना छैन भनेर आगममा स्पष्टसँग बताइएको छ । त्यसैले शून्यता ज्ञानको आवश्यकता परेको हो । वास्तवमा सबै पदार्थहरूका दुईरूप हुन्छन् । एक आरोपित रूप, अर्को अनारोपित रूप । सबै बालपृथज्जनहरूले देख्ने जस्तो अविद्याद्वारा स्थापित भएको रूप आरोपित रूप हो । यस्तो रूपलाई देखेर जानेर सम्पूर्ण क्लेशहरूको समूल नाश हुन सक्दैन । वस्तुको अनरोपित रूप नै तत्त्व हो र त्यसको साक्षात्कारबाट मात्र क्लेश आदि आवरणहरूको प्रहाण हुन्छ । प्रज्ञाद्वारा विवेचना गर्दाखेरि जब कुनैपनि धर्म सद् रूपमा उपलब्ध हुँदैन । तब सर्वधर्म शून्यताको साक्षात्कार हुन्छ । यही ज्ञान गर्ने प्रज्ञा मात्र सम्पूर्ण आचरण र भ्रमलाई नाश गर्नमा सक्षम हुन्छ ।

धर्मको निःस्वभावता अभ्यास भएपछि भाव वासनाको त्याग हुन्छ । वास्तविकताको बोध भएपछि काल्पनिकताको विनाश हुन्छ । बुद्धत्वको लागि गरिने आचरण बोधिचर्या हो । परहितको कार्य भइरहेको हुन्छ । आकाश समान स्वच्छ ज्ञान धर्म काय हो । परमार्थ सत्य पनि यही हो । व्यवहारमा प्रज्ञापारमिता, शून्यता, तथता, भूतकोटि धर्म धातु आदि । बोधिलाई प्राप्त गर्न खटेका सत्त्वलाई बोधिसत्त्व भनिन्छ । चार आर्यसत्यको दर्शनबाट मुक्ति हुन्छ । यसको साक्षात्कारबाट क्लेश छुटकारा हुन्छ ।

श्रद्धा, वीर्य, प्रज्ञा, समाधि, स्मृति पाँच मनोवृत्तिलाई श्रद्धादि पाँच इन्द्रिय तथा कहिले पञ्चवल पनि भनिन्छ, बोधिचित्तलाई दृढ र स्थिर बनाउन श्रद्धा र प्रज्ञाको सन्तुलन आवश्यक भए अनुसार वीर्य तथा समाधिको पनि सन्तुलन चाहिएको छ । प्रवृत्ति कर्मद्वारा फाइदा हुने मनोवृत्तिको स्वभाव राग द्वेष मोह आदि अकुशल प्रवृतिको कर्मलाई सुधार गर्नु पर्दछ । आफू मात्र तरेर जाने आकांक्षा नलिइ अनुपलम्भ दृष्टिकोणले प्राणीहरूको उद्वार गर्ने बोधिसत्त्वको मनसाय भयो । "बुद्धोभवेयम् जगतो हिताय" अनुसार सिद्धार्थ आफू तरेर जो उद्देश्यले बुद्ध हुनुभएको नभै लोक कल्याणको निम्ति बुद्ध हुनुभएको कुरा स्प्ट बोधगर्न सकिन्छ । बुद्धधर्मको मनसाय बुझेर प्राणीहरूको कल्याणको लागि सक्दो योगदान गर्नु बोधिचर्या हो ।

(सन्दर्भ श्रोतः- आर्य शान्तिदेव विरचित वोधिचर्यावतार, अनुवादक नारायणप्रसाद रिजाल) ।

**महाभूकम्पले हजारौं मानिसको अकाल मृत्युवरण तथा खरबौं भौतिक क्षति भएको दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

VISHWA MOTOR TRADERS

**बिश्व मोटर ट्रेडर्स**

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**

**फोन नं.: ४४३३४८१, ४०३००४४, ०१२२९२२३०**

E-mail: vishwamotor@gmail.com

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**



# प्राचीन रेशम मार्ग र लुम्बिनी-मुस्ताङ काली गण्डकी पथ-१

## (Ancient Silk Road and Lumbini – Mustang Kali Gandaki Route)

✍ छत्रराज शाक्य

**प्राचीन रेशम मार्ग– परिचय**

प्राचीन रेशम मार्ग ब्यापारिक एवं धार्मिक सांस्कृतिक मार्ग हुनुको साथै यो मार्ग चीनको चांगआन वा छांगआन (Chang'an) वर्तमान शियान (Xian) स्थलदेखि पश्चिम एशियाको एशिया माईनर (Asia Minor) अथवा भूमध्य सागरको किनारा वर्तमान टर्कीसम्म १०००० कि.मी. लम्बाई भएको यो मार्गहरूको ठूलो संजाल हो । ई.पू. २०० देखि ईशाको १६ औं शताब्दीसम्म यो मार्ग संचालनमा थियो । चीनबाट रेशम पश्चिमका देशहरूमा निर्यात हुने हुँदा मार्गको नाम रेशम मार्ग (Silk Road) नामाकरण गरिएको हो । जर्मनीका भूगोलवेत्ता फर्डिनान्ड भोन रिथ्योफेन (Ferdinand Von Richthofen) ले सन् १८६८ देखि १८७२ को अवधिमा सातपटक चीनको यात्रा गरेर अध्ययन गरेको थियो । त्यसपछि उनले जर्मन शब्द शिडेनस्त्रा (Seidenstra) शब्द प्रयोग गरेको थियो, जसको अर्थ हुन्छ रेशम मार्ग वा रेशम पथ (The Silk Road or Route) हुन्छ । यसरी यो शब्द सर्वप्रथम फर्डिनान्डले प्रयोग गरेकोले उसैलाई रेशम मार्गको जनक मानिएको छ ।

प्रस्तुत पत्रमा पहिलो चरणमा रेशम मार्ग प्राचीन ब्यापारिक र बौद्ध मार्ग साथै सभ्यताको मार्गको रूपमा संक्षिप्त प्रकाश पारिनेछ । त्यसपछि दोस्रो चरणमा - लुम्बिनी- मुस्ताङ्-कालीगण्डकी पथ वा मार्गको विविध पक्षको चर्चा गरिनेछ । पृष्ठभूमिको रूपमा बुद्धकालमा भारत र नेपालबीच ब्यापार र ब्यापार मार्ग, कालीगण्डकीको मार्गको रूपरेखा, प्रमुख ऐतिहासिक स्थलहरू प्राचीन र ऐतिहासिक भएको र सो मार्ग उत्तर र दक्षिणबाट रेशम मार्गमा जोडिएको हुँदा दक्षिण एशियाई रेशम मार्गअन्तर्गत विश्व सम्पदा मार्गमा (World Heritage Route) मनोनयन र समावेश गरिनु पर्ने आदिको चर्चा गर्ने प्रयास गरिनेछ ।

### रेशम मार्गको इतिहास (History of the Silk Road)

सबभन्दा पहिला रेशम मार्ग चीनको हान वंश (Han Dynasty) का राजाहरूको पालादेखि प्रारम्भ भयो । यो वंशले ई.पु. २०६ देखि सन २२० सम्म ४२६ वर्ष राज्य संचालन गर्यो । रेशम मार्ग मध्यएशियाको क्षेत्रमा ई.पु ११४ मा हान वंशका राजाले नै विस्तार गरेको थियो । ई.पु १३८ मा चीनका राजा उडी (Wudi) का विशेष प्रतिनिधि वा दूतको रूपमा झाङ् कियान (Zhang Qian) लाई हुणहरूको आक्रमणबाट बच्न सैनिक सहयोगको लागि यही मार्गबाट पश्चिमका देशहरूमा पठाएको थियो । चिनिँयाहरूले सो मार्गबाट पठाइने ब्यापारिक वस्तुहरूको (Trade Products) सुरक्षा चाहन्थ्यो । ब्यापारिक मार्गको सुरक्षाको लागि नै चीनको ठूलो पर्खाल (The Great Wall of China) विस्तार गरिएको थियो । पछि विभिन्न वंशका राजहरूका पालामा रेशम मार्गको विस्तार हुँदैगयो ।

**रेशम मार्गअन्तर्गत विभिन्न मार्गहरु र ब्यापारिक बस्तुहरु**

रेशम मार्ग चीन र एशियाको पश्चिम र दक्षिणका देशहरूसित ब्यापार हुने प्राचीन र प्रशिद्ध ब्यापारिक मार्ग (Ancient Trade Route ) हो । चीनको हान वंशको राज्यकालमा उत्तर र पूर्वमा पर्ने चाङ् आन शहरलाई राजधानी बनाएको थियो । ई.पू. ३०० देखि सन् १०० सम्म हान वंशका राजाहरूका पालामा चीन र पश्चिममा रेशम मार्गको सुरुवात र विकास भएको थियो । त्यसबेलाको रेशम मार्गको विभिन्न बाटोहरूको चर्चा गर्नु सान्दर्भिक होला ।

सर्वप्रथम चाङ्आन शहरबाट पश्चिमतिर बढ्दै जाँदा लानजोन, अङ्सी पुग्दछ । त्यहाँबाट दुईवटा बाटो छुट्टिन्छ । उत्तरतिरको बाटो जाँदा हामी तुर्फान पुग्दछ, त्यहाँबाट पुनः दुई बाटो छुटिन्छ, उत्तरतिरको बाटोबाट अगाडि कोकण्ड पुग्दा तल्लो बाटो मिल्दछ । त्यहाँबाट मरकण्डा (वर्तमान समरकण्ड), त्यसपछि बुखारा, अलेकजान्द्रा (मेरी) पुग्दा अघि छुटिएका काशगर र खोटान मार्गहरू यही मिल्दछ । त्यसपछि पश्चिम र दक्षिण भएर जाँदा सुसिया, हागे (तेहरान) हुँदै अन्तिम तेसीफोन (Ctesiphone) शहरमा पुगेर रेशम मार्ग

टुंगिन्छ । तर पहिलाको सामान्य मार्ग पछि रेशम मार्गको रूप देखा परेर उत्तरतिरबाट अनशिरा (अंकारा) पुगेर अन्तमा भूमध्य सागरको किनारा शहर बैजानतुम (स्तम्बुल) अन्तिम शहर पुग्दछ । चाङ्‍ आनबाट सुरु भएको रेशम मार्ग एकबाट दुई तीनवटा मार्ग भएर अगाडि बढेर एउटै भएर टुङ्गिन्छ ।




दक्षिणतिर जाने मार्गमा प्रथम शताब्दीसम्म सामान्य ब्यापार मार्गको रूपमा चलेको,पछि रेशम मार्गको रूपमा विकसित भएको थियो । खोतान (Khotan) बाट दक्षिणतिर पुरूषपुर (हाल पेशावर) बाट तक्षशिला भएर ईन्द्रप्रस्थ (दिल्ली) मथुरा, प्रयाग भएर पाटलीपुत्र (पटना) पुग्दछ ।

चीन र अरू देशहरूका बीचमा रेशम मार्गद्वारा ब्यापार हुने बस्तुहरूमा चीनको उत्पादन रेशम नै प्रमुख थियो । ई.पू. २०० मा पनि चीनमा रेशम र रेशमका सामानहरूको उत्पादनको राम्रो विकास भइसकेको थियो । चीनको रेशम एशियाई देशहरूमा मात्र होइन, युरोपको फ्रान्स (पेरिस), इटली (रोम) र इजिप्ट आदि देशहरूमा पुग्दथे । त्यसपटि बहुमूल्य धातुहरू पत्थरहरू, काँचका सामानहरू (Cheramics) , अत्तर, बुट्टेदार काष्ठ सामाग्रीहरू, मसलाहरू आदि निर्यात हुन्थे । अरू देशहरूबाट चीनमा कपडाहरू, शीशा सामान, मदिरा, गलैचा, अम्बर (Amber) का गहनाहरू र घोडाहरू आयात गर्दथे । रेशम मार्गले वस्तुहरूको ब्यापार मात्र गरेनन्, यसको साथै वैज्ञानिक एवं प्राविधिक विकास पनि यो बाटोबाट एक अर्को स्थानमा स्थानान्तर गर्न सहयोग पुऱ्यायो । चीनबाट कागज बनाउने, मुद्रण गर्ने, बारूद (Gun Powder) ढालेका फलाम, म्याग्नेटिक कम्पास, पोर्सलिन निर्यात गरिन्थ्यो । इन्जिनियरिङ्‍ विकास (विशेष गरेर पुल निर्माण), खेती, कपास धागो बुन्ने, धातु कार्य विधि आदि मध्य एशिया, मध्य पूर्व, भूमध्य सागर र पश्चिमबाट अरू मुलुकहरूमा फैलियो । औषधि र उपचार ज्ञान बारेमा पनि आदान प्रदान हुन्थ्यो ।

यसरी ईशापूर्व दोस्रो शताब्दीमा सुरू भएको रेशम मार्गले ब्यापार गतिविधि मात्र बढाएको होइन, यसको साथै यसले पूर्व र पश्चिमलाई एकताको सूत्रमा जोड्ने, वार्ता गर्ने, मानव जीवनको संमृद्धि र विकासको आदान प्रदान गर्ने माध्यम पनि भयो ।

## सामुद्रिक रेशम मार्ग
## (The Maritime Silk Route)

रेशम मार्ग स्थल मार्गबाट धेरै विकास भैसकेपछि करीब ईशाको प्रथम शताब्दीमा चीनको पूर्वी तट ग्वान्भाउ बन्दरगाह (Guanzhou Port) बाट सामुद्रिक मार्ग (Sea Route) पनि प्रारम्भ भयो । चीनको दक्षिण पश्चिम हुँदै मलेसियाको लाक्का (Malacca), बर्माको रंगुन, भारतको कलकत्ता, श्रीलंका, मुजिरीया (कोचीन हो कि) त्यसपछि बरीगाजा (Barygaza) वर्तमान भरूथमा पुग्दछ । बौद्ध ग्रन्थ सुसन्धि जातकमा भरूकच्छ वा भरूकच्छ (वर्तमान भरूथ) त्यस समयको प्रशिद्ध बन्दरगाह पनि उल्लेख गरिएको छ । यो भारतको पश्चिमी महाराष्ट्रमा पर्दछ । अर्को यसको दक्षिणी समुद्र किनारमा सुप्पारक बन्दरगाह थियो । सातौं शताब्दी ई.पू.मा यी बन्दरगाहहरूबाट माल सामान ठूला ठूला कपडाको पाल भएको पानी जहाजमा लादेर फारसको खाडी पार गरेर मध्य पूर्वको बाबेरू नगर (वेविलोन) सम्म अन्तर्राष्ट्रिय ब्यापार हुने ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । (शाक्य, २०६४ः ३६)

बरीगाजाबाट बारबरिकोन (वर्तमान कराँची), मुस्काट, एडेन (अरब) पुगी लालसागर पार गर्दै एलेक्जान्ड्रिया (Alexandria) पुग्दछ । त्यसपछि सिरिया, टर्की हुँदै इस्ताम्बुल पुगेर एथेन्स र रोम पनि पुग्दछ । यो समुद्र रेशम मार्गबाट पनि मुख्य गरेर चीनबाट रेशम नै निर्यात हुन्थ्यो । यो सामुद्रिक रेशम मार्ग पनि ईशाको दोस्रो तेस्रो शताब्दीसम्म धेरै विकसित भइसकेको थियो । यो मार्गबाट चीन, दक्षिण पूर्वी एशिया, भारत, मध्यपूर्व, अफ्रिका र युरोपको बीचमा ब्यापार गतिविधि धेरै बढेको थियो र ती देशहरूको आर्थिक विकास र समग्र विकासमा ठूलो योगदान पुऱ्याएको थियो ।

## रेशम मार्ग र बुद्धधर्मको विकास (The Silk Road and Spread of Buddhism)

गौतम बुद्धको जन्म भूमि नेपाल र कर्म भूमि

भारतबाट नै बुद्धको उपदेश, शिक्षा, धर्म र संस्कृति रेशम मार्गबाट नै एशियाको मध्य भाग पश्चिम पूर्वी र दक्षिण पूर्वी एशियाको विभिन्न देशहरूमा प्रसार एवं विस्तार भएकोले नै रेशम मार्गलाई बौद्ध रेशम मार्ग (Buddhist Silk Route ) भनिएको हो ।

ई.पू. तेस्रो शताब्दीमा भारतका सम्राट अशोकले भारतकै विभिन्न राज्य र स्थानमा, एशियाको पश्चिम, दक्षिण पूर्वका देशहरूमा धर्मदूतहरू पठाएर बुद्धधर्मको ठूलो प्रचार प्रसार गरेको थियो । भारतको काश्मिर र गान्धार (पाकिस्तान) मा मज्झन्तिक, यवनमा (युनान) महारक्षित, हिमालय देशमा मज्झिम, अपरान्तकमा (बम्बईको उत्तर) धर्मरक्षित, महाराष्ट्रमा महाधर्मरक्षित, महिष मण्डलमा (मैसुर) महादेव, बनबासी ( कन्नड) मा रक्षित, सुवर्णभूमि (बर्मा) मा सोण र उत्तर, लंकामा महेन्द्र, ऋष्ट्रिय, उट्रिय, संग्वल र भद्रसारलाई धर्मप्रचारको लागि सम्राट अशोकले पठाएका थिए । (मुखर्जी, १९६२:७०)

यसरी उनले पश्चिम तक्षशिला मार्ग भएर वर्तमान युरोपका ग्रीस राष्ट्र, सिरिया र मिश्रमा धर्म प्रचारार्थ पठाएका थिए । ई.पू. २४९ मा स्वयं सम्राट अशोक मगधको राजगिरबाट लुम्बिनी आएर अशोक स्तम्भ स्थापना गरेको थियो । काठमाडौं उपत्यकामा छोरी चारुमतिलाई पठाएको थियो । बुद्धधर्मलाई विश्वब्यापीकरण गर्नमा सम्राट अशोकको ठूलो योगदान छ । सम्राट अशोकका धर्मदूतहरूले पहिला प्रयोग गरेका मार्गहरू नै पछि रेशम मार्गको रूपमा विकसित भएको थियो । चीनको रेशम र अन्य बहुमूल्य बस्तुहरू रेशम मार्ग तक्षशिला, इन्द्रप्रस्थ, पाटलीपुत्र भएर भारतमा आयात हुन्थ्यो । रेशम मार्गमा ब्यापारीहरू यात्रीहरू, तीर्थयात्रीहरू, सिपाहीहरू, भिक्षुहरू यात्रा गर्दथे । यिनै ब्यक्तिहरू नेपाल र भारतमा बुद्धधर्मबाट प्रभावित भई एक स्थानबाट अर्को स्थानमा बुद्धका उपदेशहरू विचारहरू आदि पुऱ्याउने काम गरे । यसले गर्दा बुद्धधर्म मध्य एशियामा चीनमा फैलिन गयो । ईशाको ७५ मा चीनमा बुद्धधर्म नेपाल भारतबाट नै पुगेको थियो । मंगोलियामा इशाको प्रथम शताब्दीमा बुद्धधर्म पुगेको थियो ।

चिनिया बौद्ध यात्रीहरू तीर्थयात्रा, बुद्धधर्म अध्ययन गर्न नेपाल भारतको विभिन्न बौद्धस्थलहरू भ्रमण गरेका थिए । चौथो शताब्दीमा फाहियान (Fa-hien), सातौं शताब्दीमा ह्वेन सांग (Hiuen-Tsang) र इत्सिङ् (I-tsing) चीनबाट वर्षौंसम्म मरूभूमि, पहाड, मैदान आदि स्थानहरूको रेशम मार्गको कठीन यात्रा गरेर नेपाल र भारतको बौद्ध तीर्थस्थलहरूमा पुगेका थिए । साथै तिनीहरूले नालन्दा विश्वविद्यालयमा लामो समयसम्म बुद्धधर्म दर्शनको अध्ययन गरेर चीन फर्केका थिए । ह्वेन सांगले चीनको छांगआन (वर्तमान सियान) बाट यात्रा प्रारम्भ गरेर रेशम मार्ग भएर विभिन्न देश र शहरहरू पार गरेको मुख्य मार्गको यहाँ उल्लेख गर्दैछु । छांग आन, अंसी, हामी, तुरफान, अग्नी, कुचा, अक्सु, तासकेन्ट, समरकन्द, बाल्ख, बामियान, तक्षशिलाबाट मथुरा भएर भारतमा प्रवेश गऱ्यो । त्यहाँबाट भारतको र नेपालको धेरै बौद्ध तीर्थस्थलहरूको अध्ययन भ्रमण गरेको थियो । मथुराबाट कन्नौज, श्रावस्तीबाट नेपालको लुम्बिनी, कपिलवस्तु, रामग्रामको भ्रमण गर्दै पुनः भारतको वैशाली, पाटलीपुत्र, ताम्रलिपि, राजगिर, नालन्दा, बुद्धगया, सारनाथ, कौशाम्बीको धेरै स्थलहरूको भ्रमण गरेको थियो । यसको साथै दक्षिण भारतको भ्रमण गरेर रेशम मार्गको तक्षशिला, बामियान, बाल्ख, काशगार, यारकण्ड, खोतन, अंशी हुँदै छांग आन चीन पुगेको थियो । यो रेशम मार्गबाट धेरै बौद्ध तीर्थयात्रीहरूले भ्रमण गरेको, बुद्धधर्म संस्कृतिको प्रचार प्रसार र विस्तार भएको धेरै बौद्ध विहार, चैत्य र स्तुपहरूको स्थापना निर्माण भएको हुँदा रेशम मार्गलाई प्राचीन बौद्ध मार्ग (Ancient Buddhist Route) भनिएको हो ।

यो मार्गबाट बुद्धधर्मको साथै इस्लाम धर्म, इशाई धर्मको पनि प्रचार भयो । यसप्रकारले प्राचीन रेशम मार्ग एशियाको पुर्व देखि पश्चिम एशिया माईनरसम्म युरोपको ग्रीस, इटली र फ्रान्ससम्म, दक्षिण पूर्वी एशिया र उत्तरी अफ्रिकाको इजिप्ट सम्म ब्यापार, धर्म, संस्कृति, कला, शिक्षा, विज्ञान र प्रविधि ज्ञान र समग्रमा विभिन्न मानव सभ्यता (Human Civilization) आदान प्रदान र विकास र संरक्षणको, विश्वको सबभन्दा लामो सर्वाधिक महत्त्वपूर्ण प्राचीन मार्ग हो ।

## लुम्बिनी – मुस्ताङ् काली गण्डकी पथ

नेपालको काली गण्डकी बृहत क्षेत्रभित्र पर्ने पाल्पा जिल्ला दोभान गा.वि.स. वार्ड नं. ७ मा बुटवलबाट ४ कि.मी. उत्तरमा चुरे डाँडा, तिनाउ नदीको भीरमा १.१० करोड वर्ष प्राचीन मानव पूर्खा नरवानर रामापिथेकसको (Ramapithecus) दाँत प्राप्त भएको थियो । वि.सं. २०३७ ( १९८०) मा अमेरिकी डा. जेन्स मुन्थेको (Dr. Jens Munthe) नेतृत्व र नेपाली डा. विष्णु डंगोल सदस्य रहेको टोलीले अध्ययन गर्दा सो दाँत प्राप्त गरेको थियो । (श्रेष्ठः २०६०) यसले पाल्पा रूपन्देही क्षेत्र विश्वकै एउटा प्राचीनतम मानव बस्ती भएको प्रमाणित भएको छ ।

ईशापूर्व आठौं शताब्दीमा नेपालको दक्षिण तराई

क्षेत्रमा कपिलवस्तु राज्य थियो । कपिलवस्तुको शाक्य राजा शुद्धोधन र रानी महामायादेवीको कोखबाट लुम्बिनी (रूपन्देही) मा ईशापूर्व ६२३ मा शिद्धार्थ कुमारको जन्म भएको थियो । त्यस समयमा लुम्बिनीको उत्तर र पूर्वमा शाक्यहरूको कोलिय राज्य देवदह राज्य, रामग्राम आदि थिए । सिद्धार्थ बुद्ध भइसकेपछि कपिलवस्तुमा राजा शुद्धोधन हुँदै बुद्धको आगमन भएको थियो । ई.पू. ५४३ मा बुद्धको महापरिनिर्वाण भैसकेपछि बौद्धहरूको लागि लुम्बिनी प्रमुख चार बौद्ध तीर्थस्थलमध्ये एक भयो । त्यसपछि नेपाल र भारतका विभिन्न राज्य र स्थानहरूबाट बुद्ध जन्मस्थल पवित्र लुम्बिनीमा तीर्थाटन गर्न आउन थाले । ई.पू. छैठौं शताब्दी बुद्धकालमा बौद्ध ग्रन्थ अंगुत्तरनिकायको अनुसार भारतमा १६ महाजनपदहरू निम्नानुसार थिए । १. अंग २. मगध ३. काशी ४. कोशल ५. वज्जी ६. मल्ल ७. चेति ८. वंश (वत्स) ९. कुरू १०. पंचाल ११. मच्छ (मत्स्य) १२. सुरशेन १३. अस्सक १४. अवन्ती १५. गन्धार १६. कम्बोज । मगधका सम्राट अशोक ई.पू. २४९ मा लुम्बिनी आएर एउटा विशाल शिलास्तम्भ स्थापना गरे । सो अशोक स्तम्भमा ब्राह्मी लिपिमा 'हिद बुध जाते सक्यमुनीति' अर्थात् 'यहाँ शाक्यमुनि बुद्ध जन्मेको हो' भनेर लेखिएको छ । यसरी लुम्बिनी बुद्धधर्मको केन्द्रको रूपमा विकसित हुँदैगयो । यसबाट के स्पष्ट हुन्छ भने बुद्धकाल ईशापूर्व छैठौं शताब्दीदेखि कपिलवस्तु लुम्बिनीबाट भारतको बुद्धगया, श्रावस्ती जाने र मगधको राजधानी राजगृह (राजगिर) र सारनाथ कुशीनगरबाट कपिलवस्तु, लुम्बिनी र नेपाल उपत्यकामा आउने गतिविधि पर्याप्त थियो ।

**२. बुद्धकालमा भारत र नेपालबीच ब्यापार र ब्यापारिक मार्ग**

बुद्धकालमा भारतमा टाढासम्म अन्तर क्षेत्रीय ब्यापार हुन्थे । त्यसबेला उत्तरी भारतमा 'उत्तरापथ' सबभन्दा बढी चालु मार्ग थियो । प्रमुख उत्तरापथ मगधको राजधानी राजगृहदेखि पश्चिम नालन्दा, पाटलीपुत्र (वर्तमानको पटना), वाराणसी, प्रयाग, संकाश्य, मथुरा, ईन्द्रप्रस्थ (दिल्ली) हुँदै तक्षशिला (पाकिस्तान) नगरसम्म पुग्दछ । (उपाध्याय, २०१८:३८) यो उत्तरापथ मार्गबाट नै भारतभित्र आन्तरिक र अन्तरक्षेत्रीय ब्यापार हुन्थ्यो । ब्यापार हुने वस्तुहरूमा मुख्य गरेर कृषि पैदावार खाद्यान्नहरू, धातुका विभिन्न सामानहरू, कपडा, माटाका विभिन्न भाडाँ कुडाँहरू, कृषि औजारहरू, पशुपंक्षी, जडिबुटीहरू, काठका सामानहरू आदिको आयात निर्यात ब्यापार हुन्थ्यो ।

बुद्धकालमा राजगृहदेखि श्रावस्ती जाने अर्को प्रशिद्ध उत्तरापथ मार्ग थियो श्रावस्तीबाट सुरूबाट सुरू भएर सेतव्या, कपिलवस्तु, कुसिनारा (कुशिनगर), पावा, हत्थिग्राम, वैशाली, पाटलीपुत्र, नालन्दा भएर राजगृह पुग्दयो । (उपाध्याय, २०१८: ४०) यो मार्ग नेपालको कपिलवस्तु भएर जाने हुँदा, कपिलवस्तुबाट पश्चिममा श्रावस्ती र पूर्वमा पाटलीपुत्र, नालन्दा र राजगीर जान सकिन्थ्यो । भारत र नेपालको बीचमा ब्यापार यही बाटोबाट चल्दथ्यो । साथै पाटलीपुत्रबाट ल्हासा तिब्बतमा पनि विभिन्न बस्तुहरू निर्यात गर्दा कपिलवस्तुबाट नै उत्तरतिर लैजान्थ्यो । यसरी भारत र तिब्बतसित हुने अन्तराष्ट्रिय ब्यापार नेपालको कपिलवस्तु भएर वस्तुको आयात निर्यात हुने हुँदा नेपाल माध्यम ब्यापारको मुख्य स्थल पनि भएको थियो ।

क्रमश ......

महाभूकम्पले हजारौं मानिसको अकाल मृत्युवरण तथा खरबौं भौतिक क्षति भएको दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै घाइते दाजुभाई-दिदीबहिनीहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

हवनाछैं, पाको, न्यूरोड, काठमाडौं ।

फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७



# भोटो देखाउने जात्रा

✍ बखतबहादुर चित्रकार

नेपालमा अनेक प्रकारका जात्रा छन् । तीमध्ये भोटो देखाउने जात्रा पनि एक हो । यो मछिन्द्रनाथको रथयात्रा जावलाखेलमा पुगेको तीन दिनपछि मनाउने जात्रा हो । मछिन्द्रनाथको ढुकुटीमा पुरानो एउटा भोटो छ । यही भोटो बुंगमलोकेश्वरको रथको कौसीबाट चारै दिशातिर चारै पटक देखाउने परम्परा छ । यसलाई नै भोटो-जात्रा भन्छन् ।

भोटोजात्रा कसले, कहिलेदेखि चलाएको हो भन्ने अभिलेखहरू प्राप्त भएको छैन । लोककथाको रूपमा भनिने जनश्रुति भने निम्नअनुसारको छ-

कर्कोटक नाग राजाको नागिनीलाई आँखाको रोग लागेछ । अनेक औषधि गरे, निको पार्न सकेन । यसैले कर्कोटक नागराजाले सोचे- "अब कुनै वैद्यलाई नै ल्याएर देखाउनुपर्‍यो ।" वैद्यलाई खोज्न कर्कोटक नागराजा पोखरीबाट निस्के । मान्छेका रूप लिएर वैद्य खोज्न हिँडे । एक जना किसान खेतमा काम गर्दै थियो । मान्छेरूपी कर्कोटक नागराजाले किसानसँग सोधे- "आवाजुलाई औषधि गर्न आउँछ जस्तो छ । नढाँटी भन्नुहोस् ।"

- "अलि अलि मात्र आउँछ ।"

- "मेरो श्रमतीको आँखा दुखेको निको पारिदिनुहोस् ।

- "हुन्छ, हेरौं ।

मान्छेरूपी नागराजाले किसानलाई सँगै लगे । पोखरीको डिलमा पुगेपछि किसानलाई अनुरोध गरे, "वैद्य आवाजु ! मेरो हात समात्नु र एकछिन आँखा बन्द गर्नुस् ।"

एकछिनमै नागराजाको दरबार पुगे । भव्य दरवारमा पुगेपछि वैद्य आवाजु छक्क परे । नागराजाले श्रीमतीलाई डाके । वैद्य आवाजुको मुटु काम्न थाल्यो । श्री बुंगमलोकेश्वरको नाम जपेर आफ्नो अनुहारमा आएको पसिना पुछेर नागिनीको आँखामा छर्केर फेरि ईश्वरको नाम जप्न थाले । १ घण्टापछि नागिनीको दुखेको आँखा निको भयो । नाग खुसी भई वैद्य आवाजुलाई आफ्नो चिन्तामणि भोटो उपहार स्वरूप दिएर भने- "यो भोटो कसैलाई नदिनु, भुइँमा पनि नराख्नु । वैद्य आवाजुको सधैं भलो हुन्छ । अब फेरि एकचोटी आँखा बन्द गर्नुहोस् ।"

वैद्य आवाजुले आँखा बन्द गरे । एकैछिनमा पोखरीको डिलमा पुगे । नागराजासँग विदा भएर खेततिर लागे । भोटो लाउँदै, सामान बोक्दै घरतिर हिँडे ।

अर्को दिन किसान फेरि खेतमा काम गर्न हिँडे । गर्मी भएर भोटो फुकाली ढ्याङ्मा राखे र काम गर्न थाले । यसै बेला भूतले त्यो भोटो लाएर हिँडे । भोटो कसले चोरेर लगेछ भनी दिक्क भई घर फर्के ।

एक दिन मछिन्द्रनाथको जावलाजात्रा हेर्न किसान जावलाखेल पुगे । भूत पनि भोटो लाउँदै जात्रा हेर्न त्यहीं आइ पुगे । किसानले भोटो देखेपछि समात्न थाल्यो । दुबै जनाले मेरै भोटो हो भनी जिकिर गर्न थाले । दुबै जना राजाका घर पुगे । राजाले भने- "मेरै हो भन्ने प्रमाण देखाउनू ।"

दुबै चुप लागे । राजाले फेरि भने- "जुनबेला जसले प्रमाण लिएर आउँछ, उसैले पाउँछ । यो भोटो करूणामयलाई जिम्मा दिन्छु । वर्षको एकचोटी यो भोटो देखाउनेछ । जुन दिन प्रमाण लिएर आउन सक्छ, त्यसै दिन लिएर जानू ।"

भोटो देखाउने जात्रा नेपालको एउटा गरिमामय जात्रा हो । यो भोटो जात्रा देखाउने काम पहिले पाञ्जु खलकका मुख्य नायकले देखाउने गर्थे । पञ्चायत कालमा आएर गुठी संस्थानका हाकिमले देखाउने चलन चलाएको देखियो । यस सम्बन्धमा जनचाहना के छ भने लवेदा



सुरूवाल, कोट, टोपी लाएर भोटो देखाउन मिल्दैन । जनचाहना अनुसार गुठी संस्थानका हाकिमले देखाउने हो भने पाञ्जुहरूले लाउने पोशाक लगाएर देखाउनु पर्‍यो । होइन भने पाञ्जुका थकाली नाइकेलाई जिम्मा दिनु राम्रो मात्र होइन नेपाली संस्कृतिको जगेर्ना पनि हुनेछ । नेपाली संस्कृतिको जगेर्ना गर्न राज्यले पनि आफ्नो दायित्व निर्वाह गर्नै पर्छ । यसमा कसैको दुईमत होला जस्तो लाग्दैन ।

ललितपुरमा बुंगमलोकेश्वरको रथ बनाउने ठाउँको नाउँ हो पुलचोक । रथ बनाउन काठ र बेटबाट मात्र तयार गरिन्छ । यो रथ ६०/७० फिट अग्लो हुन्छ । रथमा काठका ठूला ठूला चार पांग्रा हुन्छन्, जसलाई चार भैरवको प्रतीक मानिन्छ । तान्नलाई डोरी राख्ने लामो घःमा हुन्छ । यो एउटै रूखको ३२ हात लामो हुन्छ । यसलाई कर्कोटक नागराजा भनिन्छ । यस्ता कथनहरू धेरै छन् ।

वैशाख शुक्लप्रतिपदाको दिन तःबाहाल मन्दिरबाट मछिन्द्रनाथलाई खतमा राखिन्छ । बाजागाजासहित जात्रा गरेर पुलचोक पुर्‍याई रथमा प्रतिष्ठापन गरिन्छ । ४ दिनपछि अर्थात् चतुर्थीका दिन विधिपूर्वक पूजा हुन्छ । पूजा सकेपछि तानेर गाःबहालमा पुर्‍याउँछ । यसलाई गाःबाहाल इलाकाको छोयलाभू भनिन्छ । भोलिपल्ट भुज्या जात्रा मनाउँछन् । यो बुंगमलोकेश्वरको रथजात्राको पहिलो जात्रा हो ।

गाःबाहालबाट तानेर लगेर नुगलटोलमा पुर्‍याउँछ । त्यस दिन नुगल इलाकाले छोयलाभू मनाउँछन् । भोलिपल्ट भुज्या जात्रा मनाउँछन् । यो बुंगमलोकेश्वरको रथजात्राको दोश्रो जात्रा हो ।

सुनधाराबाट लगनखेलतिर तानेर लग्छन् । लगनखेल माईथान दुई पटक घुमाएर त्यहीं राख्छन् । भोलिपल्ट देश-बलि पूजा हुन्छ । यसको भोलिपल्ट लगनखेल माईथानबाट तानेर थतिटोलमा पुर्‍याउँछ । यो जात्रालाई लगनखेल इलाकाले छोयलाभू, मनाउँछन् भोलिपल्ट भुज्या जात्रा मनाउँछन् । दिउँसोतिर रथको माथिबाट नरिवल खसाल्ने काम हुन्छ । यो बुंगमलोकेश्वरको रथजात्राको तेश्रो जात्रा हो ।

लगनखेलबाट जावलाखेलमा रथ तानेर लान साइत हेर्नुपर्ने परम्परा छ । यो साइत मङ्गलबजारको मणिमण्डप पाटीमा राजदैवज्ञहरू बसेर साइत हेरिन्छ । सोही साइतका दिन लगनखेल थतिबाट बुंगमलोकेश्वरको रथ तानेर जावलाखेल पुर्‍याउँछ । यो इलाकाले छोय्लाभू मनाउँछन् । भोलिपल्ट दिनभरि रातभरि विभिन्न किसिमको विधिविधान अनुसारको पूजा हुन्छ । यसको भोलिपल्ट ज्यावला भुज्या हुन्छ । दिउँसो भोटोजात्रा भनी बुंगमलोकेश्वर अर्थात् मछिन्द्रनाथको रथबाट भोटो देखाउने जात्रा हुन्छ । यो जात्रामा नेपालका राष्ट्राध्यक्ष, प्रधानमन्त्री, मन्त्रीहरू, संवैधानिक अङ्गका सम्माननीयहरू, जंगी सैनिक, प्रहरीका प्रमुखहरूको उपस्थित हुनुपर्ने र यो दिन उपत्यकाभित्र सरकारी बिदा हुन्छ ।

भोटो देखाउने जात्रा सकिएपछि बुंगमलोकेश्वर रथबाट ल्याएर खतमा राखिन्छ । बाजागाजासहित बुंगमती लाने पराम्परा छ ।

यो बुंगमलोकेश्वर अर्थात् मछिन्द्रनाथको रथजात्रालाई सबै धर्मालम्बीहरूले श्रद्धापूर्वक मनाउँछन् । यसलाई एकताको प्रतीक मान्नुपर्छ ।

♦



## खोज, अनुसन्धान र जानकारीको सम्मिश्रण

# "भक्तपुरको मुनिविहार कृति"-१

✍ भिक्षु रेवतकीर्ति, बुद्धविहार-पनौती

१. भिक्षु विपस्सी धम्मारामोद्वारा लिखित तथा सम्पादित **"भक्तपुरको मुनि विहार"** मुनिविहारको इतिहास र अन्वेषणलाई मात्र नियाल्ने पुस्तकको रूपमा मात्र नभई भक्तपुरको थेरवादी बौद्ध विहारहरू र अन्य सम्पदाहरूको समेत सामान्य जानकारी लिन सकिने सहायक ग्रन्थको रूपमा लिन सकिन्छ ।

२. लेखक तथा सम्पादकका उपसम्पदा उपाध्याय गुरू एवम् थाइल्याण्डका संघराज सोमदेद् फ्राञाणसंवरको महाप्रयाणको सन्दर्भमा थाइ संघराजले नेपाल र नेपाली तथा समग्र बौद्ध जगतमा पुऱ्याउनुभएको असिम योगदानको स्मरण गरेर कृत्तज्ञतापूर्वक उहाँप्रति पुण्यानुमोदन गर्न गुणानुस्मरण गरी दिवंगत संघराजप्रति समर्पणको साथ उहाँको निवार्णको हेतु बनोस् भन्ने अभिप्राय राखेर यो पुस्तक प्रकाशित गरिएको जनाइएको छ ।

३. नेपालको सबैभन्दा सानो जिल्ला भनिएर चिनिएको भक्तपुरको विशाल वैभव र सम्पदाले कुनै कालखण्डमा भक्तपुर काठमाडौँ र ललितपुरकै तुलनामा समान रूपमा विकसित थियो तर काठमाडौँ र ललितपुरले आफ्नो वैभव र सम्पदालाई जसरी प्रचार गर्न सके त्यसै गरी भक्तपुरले आफूसँग भएको सम्पदाहरूलाई पनि प्रचार गर्न नसक्दा भक्तपुरको चिनारी इतिहासमा विशेष गरी बौद्ध सम्पदाको क्षेत्रमा कम हुन गएको विश्वास लेखक तथा सम्पादकमा रहेको पाइन्छ ।

४. आफूले धर्मको दरिलो पाइला टेकेको र बौद्ध शिक्षा ज्ञानाजर्न गरेको मुनि विहारप्रति आफू सदैव कृतज्ञ हुनुपर्छ र कृतज्ञता नै मानिसको चिनारी हो भन्ने हृदयबाट पोखिएको सन्देश लेखक तथा सम्पादकमा किताबभरी यत्र तत्र रहेको देख्न सकिन्छ । यसैको फलस्वरूप इतिहासको कालखण्डमा झण्डै गर्भवासमा पुगिसकेको साढे तीनसय वर्षभन्दा अगाडि सन् १६५५ मा तत्कालीन समयका धर्म परायण एवं परोपकारी मुनि बुद्धाचार्यले स्थापना गरेको यो विहारको ऐतिहासिक तथ्य रोचक ढंगले उजागर गरिएको छ ।

५. तत्कालीन समयमा नेपालमा लिच्छवी शासनको




अन्य भई मल्लयुगको सुरुवातपछि जयस्थिति मल्लले जात पात र वर्ण व्यवस्था कायम गरेर नामेट पार्न खोजेको बौद्ध धर्म बत्तीको धिपधिपे अवस्थामा बाँचेको थियो । तथापि नेपाल र तिब्बतबिच हुने गरेका शासकीय एवं व्यापारिक सम्बन्ध जस्तै जनस्तरमा पनि यस्तो सम्बन्धको प्रभावले हुनसक्छ धर्म र सस्कृतिमा पनि यताको प्रभाव उता र उताको प्रभाव यता रहेको देख्न सकिने आधारहरूमा विहार संस्थापकका छोरा महायानी भिक्षु पद्ममध्वज मध्य तिब्बतको तासिल्हुम्पो विहारबाट आई यो विहार सञ्चालन गरेर बसेको मुनि बिहारको परिचय पृष्ठमा जनाइएको छ । स्थापना हुँदाका गणेश र महाङ्काल जस्ता देवताहरू अहिले पनि विहार प्रवेश नाकामा देख्न सकिने भएकोले महायानी प्रभावको जगमा उभिएको यो

विहारको तथ्यहरूलाई सम्पूर्ण रूपमा यथावत राख्न कोशिस समेत गरी ऐतिहासिक सत्यलाई जस्ताको तस्तै उद्घाटन गरिनु पर्दछ भन्ने अभिप्राय लेखकमा देखिन्छ । नयाँ जोगीले धेरै खरानी घस्छ भन्ने भै अवधारणबाट प्रेरित नभई आफू थेरवादी भिक्षु भए पनि सबैको असल कामलाई आफूले सके जति प्रचार प्रशार गरिनु पर्ने भावबाट लेखक तथा सम्पादकले यसमा आफ्ना मेहनत र भावना समेत जोडेर तथ्यहरूको खुलासा गरिएको छ । साथै लेखक तथा सम्पादकको व्यक्तिगत स्वभावमा अन्य अवस्थाहरूमा पनि कसैले गुम्बा वा विहार बनाउने प्रस्ताव लिएर आएको अवस्थामा होस वा भक्तपुरमा हरेक वर्ष माघ १ गते हुने सम्यक् दान महोत्सव होस् वा नमोबुद्धलगायत धार्मिक भ्रमणहरू गर्दा होस् वा भिक्षु, श्रामणेर र पंक्तिकारलाई संस्थागत र व्यक्तिगत सहयोग गर्ने कुरामा होस वा बुद्ध विहार पनौतीमा समेत भिक्षाटन एव विविध प्रकारबाट सहयोगहरू जुटाइदिएर हरप्रकारले व्यक्तिगत र संस्थागत मद्दत गरेको पंक्तिकार समीक्षकले आफ्नै आँखाले अनुभूत गरेका तथ्यहरू हुन् । यसैको प्रभावले होला अहिले पनि यो विहार भिक्षु, श्रामणेर र अनागरिका प्रब्रज्या गर्ने काममा देशकै सबैभन्दा समावेशी विहारको रूपमा रहेको देखिन्छ ।

६. विहारको उतार चढावमा सन् १७०० देखि २५० वर्ष सम्म बेवारिस जस्तो बनेको विहारको पूर्व सम्पति विहार सञ्चालनको निमित संस्थापक मुनि बुद्धाचार्यबाट विभिन्न स्थानमा राखिएको ३० रोपनीको गुठी अहिले नाम मात्रको जग्गामा सिमित भएको एवं सो जग्गा पनि पछि अन्य दाताहरूले छोडपत्र गरेर छोडिदिएको तथा रकम तिरेर खरिद गरिएको जग्गा हुन् भनी मुनि विहारको इतिहास तथा विहार दायक सभाका अध्यक्ष रामकृष्ण वैद्यबाट जनाइएको छ ।

७. बिग्रिने बखतमा सबैतिरबाट बिग्रिएर आउछ भने भैं नेपाल र तिब्बत दुवैतिर बौद्ध धर्मले दरिलो जग नबनाइसकेको अवस्थामा तिब्बतमा बौद्ध सम्प्रदायहरूमै आएको वैमनस्यता र भैभगडाले यताको सहयोग उता र उताको सहयोग यता पाउन नसकी दुर्दशामा पुगिसकेको बौद्ध धर्म पुनरूस्थान हुनुपर्ने अवस्थामा पुगिसकेको कारण मुनि विहारले लामो समयसम्म कुनै वारिस भिक्षु पाउन नसकेको एवं वि.सं. २००९ मा भिक्षु रत्नज्योति यस विहारमा आवासीय भिक्षु भएर आएपछि यसले पुनरगति लिन थालेकोले मुनि विहारको आधुनिक पुनरूत्थान र सम्बर्धनको श्रेय आफ्नो श्रामणेर प्रव्रज्याका गुरू भिक्षु रत्नज्योतिलाई दिइनुपर्ने कुरा लेखकबाट खण्डखण्डमा उहाँको महत्व प्रकाश पारेर प्रकट गरिएको छ ।

**महाभूकम्पले हजारौं मानिसको अकाल मृत्युवरण तथा खरबौं भौतिक क्षति भएको दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै घाइते दाजुभाई-दिदीबहिनीहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।**

**इन्द्रेणी वचत तथा ऋण सहकारी संस्था लि.**

गुरुजुधारा, काठमाडौं, फोन नं. ४३१५३४४, फ्याक्स : ४३१०४५८

८. राज्यभित्र निरन्तर कमजोर हुँदै आएको बुद्धधर्म नेपाल एकीकरणको सिलसिलामा राज्य जितिसके पछि पृथ्वी नारायण शाहले कीर्तिपुरको लडाईं जित्न धेरै कष्ट भएको र कुशल सेनापति कालुपाण्डेलाई गुमाउनु परेको एवं झण्डै आफ्नै ज्यान समेत गएको रीसलाई सहन गर्न नसकी सोझा कीर्तिपुरे केही जनसंख्याको नाक कान काटी शारीरिक अंग क्षति गरेको नराम्रो काम बाहेक कसैको पनि धर्म र संस्कृतिमा जोर जुलुम र हस्तक्षेप गरेको इतिहास कतै नभएको बरू उनीहरूको धर्म र संस्कृतिलाई संरक्षण गर्न प्रोत्साहन गरिएका उदाहरणहरू मध्य काठमाडौँ जितिसकेपछि आफैँ मानवदेवी कुमारीको दर्शन गर्न गएको एवं स्वयम्भू व्यवस्थापनको निमित त्यहाँ राखिएको शिलालेखले पनि पुष्टि गर्दछ । तथापि पृथ्वीनायण शाहको असल पक्ष छोपिन गइ राज्य जित्नको लागि विजयपुर र चौदण्डी हान्न जाँदा सेन राज्यका ब्राह्मणहरूलाई आफ्नो तर्फ मिलाउनको लागि विशेष सुविधा दिने सम्झौता फलस्वरूप गोरखाली नेपालको दरबार तथा राज्य व्यवस्थामा पहाडी ब्राह्मणहरूको हाली मुहाली अचाक्ली बढ्न गई बौद्ध समाजलाई क्षति हुन गएको उल्लेख हुन पुगेकोले नेपाल एकीकरणको अघिदेखि विजयपुर र चौदण्डी क्षेत्रमा ब्राह्मणहरू शक्तिशाली नभएको तथा त्यहाँका तत्कालीन राजा समेत सेन वंशका भएकोले त्यहाँ इतिहासमा त्यतिबेलादेखि अहिलेसम्म शक्तिशाली नदेखिएका ब्राह्मणहरूलाई पृथ्वीनारायण शाहले किन रिझाउनुपर्‍यो र उनीहरूले के विशेष सुविधा प्राप्त गरेका थिए सुविधा खुलाइएको भए स्पष्ट हुने थियो । बरू त्यहाँ राई लिम्बुहरू लड्भिड्मा पोख्त भएका र उनीहरू शक्तिशाली र बहुसंख्यक पनि भएकाले राज्य एकीकरणलाई साथ दिएमा पछि किपट प्रथाको रूपमा राई लिम्बुहरूसँग राज्यले जग्गामा कर नउठाउने चाहिँ सम्झौता भएको हो ब्राह्मणहरूलाई विशेष सुविधा दिइएको होइन भन्ने भएकोले अन्यत्र थाहा नभएको पक्ष लेखकले फरक रूपमा उल्लेख गर्नुभएको देखिन्छ ।

९. यस्तै भोटभन्दा हरेक कुरामा अगाडि र लडाईंमा पनि शक्तिशाली रहेको नेपालले तिब्बतबाट ठूलो धन सम्पति बोकेर भागेर आई नेपालमा शरण लिएका श्यामर्पा लामालाई फर्काउन तिब्बतले गरेको आग्रह अनुरूप नेपालले नफर्काएपछि यसले सन् १७७२ मा युद्ध हुन गएकोमा किताबमा सन् १९७१ भनेर उल्लेख हुन पुगेको छ । श्यामर्पा लामाको पक्ष लिएर नेपाल र तिब्बतबीच युद्ध हुनगएको बारे किताबमा लडाईंको कारण उल्लेख नभई गोरखाली सेनाले त्यो सिगात्से सहर तथा ताशिल्हुम्पो गुम्बा लुटेको मात्र मुनि बिहारको इतिहास खण्डमा उल्लेख छ । तथापि तत्कालीन अवस्थामा तिब्बतले मात्र

**महाभूकम्पले हजारौं मानिसको अकाल मृत्युवरण**
**तथा खरबौं भौतिक क्षति भएको दुःखद् घडीमा शोक सन्तप्त**
**परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दै**
**घाइते दाजुभाई–दिदीबहिनीहरुको शीघ्र स्वास्थ्यलाभको**
**कामना गर्दछौं ।**

**सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर

नेपालसँग युद्ध गरेको भए उसले युद्ध जिल्न नसक्ने भएकोले चीनसँग तिब्बतको राम्रो सम्बन्ध नभएको भए पनि यस लडाईमा भने चीनले पुरा तिब्बतको पक्ष लिएर सघाएकोले नेपाल हार्न पुगी चीन र तिब्बतको संयुक्त फौज वेत्रावतीसम्म आइपुग्दा लुटेका सबै सामान फर्काउन परेको एवं अपमान तथा नोक्सानी सहेर देशका शासकहरूले चीनलाई प्रत्येक पाँच वर्षमा नजराना चढाउनुपर्ने सन्धि बेत्रावतीमै भएकोले जसलाई बेत्रावती सन्धिको नामले चिनिन्छ । तर यसमा तिब्बत र चीनको पक्षहरू छोपिन गई नेपालले ताशिल्हुम्पो गुम्बा लुटेको कुरा विशेष रूपमा आएको तथा लडाईं गर्नुमा धेरै गल्ती नेपालकै भए पनि लडाईं हुनगएको चुरो कुरो छुटेको छ । भ्रमणनहरू अलि स्पष्ट हुन सकेका छैनन् । नेपालले तिब्बत र चीनसँग राम्रो सम्बन्ध राख्न नसकेको प्रभावले पूर्ववत धार्मिक सम्बन्धहरू समेत बिग्रन गई बौद्ध धर्ममा ह्रास आएको असर मुनि विहारले पनि भोगेको लेखक तथा सम्पादकको बुझाई रहेको मुनि विहारको इतिहास खण्डमै उल्लेख भएको देखिन्छ ।

१०. समष्टिमा पृथ्वी नारायण शाहको तत्कालीन समय संसारमै लडाईं नीतिको अंगिकार गरेर राज्य जिल्ने र राज्यलाई बलियो बनाउने होडबाजीले संसारलाई नै प्रभावित पारेको हुनाले समयले पनि तत्कालीन अवस्थामा बुद्धधर्म संसारमै कतै पनि व्यवस्थित र समृद्ध रूपमा अझ विकसित हुन सकेको कतै पनि देखिदैन । त्यसैले पनि पृथ्वीनारायण शाहले बुद्धधर्ममा ह्रास ल्याएको कुरा मान्य खालको र इतिहास सम्मत देखिदैन । यसै गरी जङ्गबहादुर राणाले जारी गरेको मुलुकी ऐनले बुद्धधर्म झनै जर्जर हुन पुगेको भन्ने सिलसिलामा पनि तत्कालीन अवस्थामा दण्ड विधानको कुनै पनि लिखित कानून नभएको अवस्थामा यस्तो कानून बनेको र त्यो मुलुकी ऐनको जगमै आजसम्म पनि न्याय निरूपण भइरहेकोले बुद्धको नाम नलिंदैमा जङ्गबहादुरले पनि मानवता विरोधी काम गरे भन्ने विल्कुलै मिल्ने देखिदैन । किनकि जाति भेद र वर्ण व्यवस्था स्थापित गरेर जयस्थिति मल्लले विकसित भइसकेको र भइरहेको बुद्ध धर्मको आधारभुत सिद्धान्तमा प्रहार गरेको इतिहासलाई पनि कोही कोही बौद्ध धर्मावलम्वीहरूद्धारा नै जयस्थिति मल्लको तत्कालीन कार्य समयको आवश्यकता भनेर भन्ने गरिएको समेत पाइन्छ । यसर्थ विद्धान जयस्थिति मल्लको यही जगको प्रभावमै कुनै औपचारिक शिक्षा नभएका जङ्गबहादुर पनि प्रभावित भएकाले जयस्थिति मल्लले गरेको काम चाहिँ राम्रो र जङ्गबहादुरको नराम्रो भन्न पनि नमिल्ने उनीहरूको चिन्तन र चेतनालाई हेर्दा देखिने तथ्यहरू हुन् । तथापि प्रथम लिखित कानून मुलुकी ऐनलाई बाहिर राखेर व्यावहारिक रूपमा हेर्ने हो भने राणा शासनको समय बौद्ध धर्मको निमित्त भने झनै प्रत्युत्पादक रहेको इतिहासको अविवादित तथ्य नै हो । यति भएर पनि अशोक स्तम्भ पत्ता लगाउन खड्ग शम्शेरबाट भएको प्रयास र बुद्ध जन्म भूमिबाटै देश निकाला हुन पुगेका भिक्षुहरूलाई लब्ध प्रतिष्ठित विद्वानहरू श्रीलङ्काका भिक्षु नारद महास्थविर एवं नेपालका भिक्षु अमृतानन्द महास्थविरलगायतले गरेको पहलबाट धर्म परिवर्तन नगर्ने र प्रव्रज्या नदिने शर्तमा पुनः देशभित्र प्रवेशको अनुमति दिने पद्म शम्शेर पनि राणा शासक नै भएकाले समय शक्तिशाली भए व्यक्ति कहिले काहीं निरिह रहनुपर्ने यो अगोचर सत्यले पनि जे भयो राम्रै भयो भन्नै सोच पलायो भने इतिहासप्रति कोही पनि कठोर हुनु पर्दैन, वर्तमानप्रति जिम्मेवार भए पुग्दछ भन्ने सन्देश दिन्छ । लेखक तथा सम्पादकको मनसाय पनि समग्रमा यही नै देखिन्छ । मात्र प्रस्तुतिमा केही भिन्नता देखिन्छ ।

११. बौद्धनाथ, स्वयम्भूनाथ जस्ता महाचैत्यहरूको रेखदेखसहित मुनिविहारको निर्माणसँग जोडिएको यसको इतिहासले त्यसबेला भक्तपुरे बुद्ध धर्मावलम्वीहरूलाई मात्र जीवन शक्ति दिएको नभई यो विहार तिब्बती महायानी बुद्ध धर्मको कियाकलापको सञ्जालमा सक्रिय रहेकोले यसले अन्तर्राष्ट्रिय स्तरको मान्यता प्राप्त गरी पछि इतिहासको काल खण्डमा कसैको पनि संरक्षण प्राप्त हुन नसकी टुहुरो झैं हुन पुगेको यो विहार कसरी भिक्षु रत्नज्योति, थाइल्याण्डका संघराज सोमदेत् फ्रा. ञाणसम्वरबाट भएको योगदानको पुनर्जीवनको जगमा यसका काण्ड, हाँगा र पातहरू समेत को हुन भन्ने सबैको महत्व प्रष्टिने गरी विहारका अन्य अभिन्न व्यक्तिहरूको विषयमा पनि पुस्तकमा प्रकाश पारिएका छन् । अरूको गुणलाई विर्सनु भनेको आफ्नो आत्मसम्मानलाई विर्सनु भएकोले लेखकका आफ्ना गुणलाई पनि अरूले नबिर्सिउन् भन्ने हेक्का समेत लेखकबाट राखिएको हो वा हाँसले फुल पारेर त्यसै छोडिदिए झैं आफ्नो कर्तव्य मात्र पालन गरिएको हो सो भन्न नसकिए पनि कसैले लगाएको गुण कसैले पनि कहिल्यै पनि विर्सनु हुँदैन भन्ने सन्देशको रूपमा पुस्तकमा प्रचुर मात्रामा प्रकाश पारिएका छन् ।

१२. यस पुस्तकको अलग विशेषता भनेको मानिसको हृदय ठूलो भयो भने कुनै औपचारिक शिक्षा हासिल नगरी एवं कुनै ठूलो स्थानमा नबसी पनि त्यही मानिस विहारको सबैभन्दा अभिन्न अङ्ग बन्न सक्दोरहेछ भन्ने उदाहरण देखिने व्यक्तित्व हो विहार दायक सभाका अध्यक्ष रामकृष्ण वैद्य । भिक्षु रत्नज्योति विहारमा प्रवेश भएदेखि नै उहाँकै काँधमा काँध मिलाएर दिलो ज्यानले सम्पूर्ण तन मन र सकेजतिको सम्पूर्ण

परिश्रम र धन समेत लगाएर आजसम्म पनि अविच्छिन्न रूपमा रामकृष्ण वैद्यले विहारको सेवा गरिरहेको देखिन्छ । रामकृष्ण वैद्यको यही गुणग्राहितालाई देखेर भिक्षु रत्नज्योतिले मुनि विहारको पुरानो मन्दिर भत्काएर नयाँ मन्दिरको शिलान्यास गर्न समेत कुनै औपचारिक ओहोदाधारी ठूलो मान्छेलाई नलगाई यिनै ठूलो मनको रामकृष्ण वैद्यलाई लगाएको देखिन्छ । यस अतिरिक्त पुस्तकमा भने झैं सबै भिक्षु, श्रामणेरहरूका रामकृष्ण वाज्या एवं उपासकको रूपमा सम्बोधित गरिने रामकृष्ण वैद्यको सेवाभावलाई हेर्दा मुनि विहार भनेकै देखिने शरीरमा भिक्षु, श्रामणेर, अनागारिकाहरू र, भिक्षु, श्रामणेर र अनागारिकाहरूलाई चलायमान बनाउने आयाम रामकृष्ण वैद्य नै हो कि जस्तो देखिन्छ । यी तथ्यहरूको अतिरिक्त रामकृष्ण वैद्यलाई विभिन्न संस्थाबाट प्राप्त भएका प्रशंसापत्र, अभिनन्दन पत्र एवं अन्य अनेकन सम्मानहरूले यो कुरालाई प्रकाश पारिरहेको चर्चा एवं विहारसँग रामकृष्ण वैद्यको अन्योन्याश्रित सम्बन्ध र भूमिका बारे पुस्तकमा विभिन्न स्थानमा उल्लेख गरिएको छ ।

